जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना
१९ औं गणतन्त्र दिवसका अवसरमा गणतन्त्रका लागि शहादत दिने योद्धालाई श्रद्धा सुमनका साथै सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रेडियो टुडे ९१ मेगाहर्ज, टीभी टुडे जनकपुर राष्ट्रिय च्यानल, जनकपुर टुडे राष्ट्रिय दैनिक
परिवार, जनकपुरधाम

वर्ष २८ •अंक ९ • २०८३ साल जेठ १५ गते शुक्रबार (29 May, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–

## नीति तथा कार्यक्रम आज सार्वजनिक हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम मधेश प्रदेश सरकारले शुक्रबार सार्वजनिक गर्दैछ । भने संघीय सरकारले बजेट सार्वजनिक गर्ने भएको छ। शुक्रबार साँझ ४ बजेतर्फ बजेट प्रतिनिधिसभामा अर्थमन्त्री स्वर्णिम वाग्लेले सार्वजनिक गर्नेछन् ।



यता शुक्रबार बिहान ११ बजे बस्ने प्रदेशसभा बैठकमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रदेशसभा सचिवालयले जनाएको छ।

प्रदेश प्रमुख कर्णले नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेश सरकारको आव २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम मार्फत सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको प्रदेशसभा सचिवालयले जनाएको छ।

यस पटकको बजेटका लागि नीति तथा कार्यक्रममै स–साना टुक्रे योजनाहरू निरुत्साहित गरिएको बताइएको छ । नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले स–साना टुक्रे योजनाहरू निरुत्साहित गरी एक करोडभन्दा माथिको बहुवर्षीय, गौरवको योजना र मझौला योजनाहरूमा जोड दिइएको बताएका छन् ।

उनले भने, 'अन्य वर्षको तुलनामा यस वर्ष फरक किसिमको आवश्यकता र क्षमताको आधारमा तयार पारिएको हो । आउँदो नीति तथा कार्यक्रममा रोजगार सिर्जना, गरीबी न्यूनीकरण, जिडीपी वृद्धि, आर्थिक र सामाजिक विकासका योजनालाई प्राथमिकतामा राखिएको छ ।'

उनले दिएको जानकारी अनुसार अन्य आर्थिक वर्ष जस्तै यस वर्षपनि कृषि उत्पादन, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य र सामाजिक आवश्यकताका योजनाहरुमा बढी जोड दिइएको छ । कृषिका लागि सिचाईको योजनाहरु, शिक्षातर्फ प्रशिक्षण र तालिमभन्दा पनि विद्यालयमा पूर्वाधार निर्माण, स्वास्थ्य उपकरण तथा पूर्वाधार निर्माण, पर्यटनका लागि सिमित योजना, मझौला उद्योगहरु स्थापना लगायतका कुरा समेटिएको बताइएको छ।

पछिल्ला वर्षहरु जस्तै यसवर्षको बजेट पनि नीति तथा कार्यक्रमभन्दा फरक आउने हो कि भन्ने प्रसँगमा उनले भने ' आउँदो नीति तथा कार्यक्रम मन्त्रिपरिषद्को बैठकबाट के कस्ता विषयमा समेट्ने छलफल गरी नै तयार पारिएको छ । तर पछिल्ला वर्षहरूमा यस्तो हुने गरेको थिएन । छलफल बिनाको नीति तथा कार्यक्रम ल्याउँदा बजेट फरक हुन सक्थ्यो । तर यस पटक त्यस्तो हुँदैन ।'

### राजविराज र वीरगञ्ज अस्पताल प्रदेशलाई

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान संघीय सरकारलाई जिम्मा दिने प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले वीरगञ्जस्थित नारायण उपक्षेत्रिय अस्पताल र राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल मधेश प्रदेशलाई हस्तान्तरण गर्ने तयारी गरेको छ। त्यसका लागि संघीय सरकारले २ अर्बको बजेट सिलिंग दिएको छ।

तर मधेश प्रदेश सरकारले राजविराज र नारायणी अस्पताल सहित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्वामित्व समेत संघीय सरकारलाई हस्तान्तरण गर्ने प्रयासमा छ।

एउटा अस्पतालको वार्षिक खर्च न्यून्तम १ अर्ब रहेको मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार अन्य ६ वटा प्रदेशमा संघीय सरकारले स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्वामित्व लिए जस्तै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको समेत स्वामित्व लिनुपर्छ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल चिकित्सा शास्त्र तर्फ स्नातक र स्नातकोत्तर तहको पठनपाठन भइरहेको छ। स्वास्थ्य सम्बन्धी अन्य विभिन्न संकायहरु पनि सञ्चालनमा रहेको छ।

तर मधेश प्रदेश सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि आवश्यक बजेट दिन सकेको छैन। चिकित्सकहरुको अध्ययन अध्यापन हुने स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आवश्यक भौतिक पूर्वाधार समेत रहेको छैन । बजेटको अभावको कारण एमबिबिएस तह र मास्टर तहको विद्यार्थीहरुलाई कठिनाइ भइरहेको छ । प्रतिष्ठानमा अध्यनरत्त विद्यार्थीहरु भौतिक पूर्वाधार र अध्यापनको ब्यवस्थाबाट सन्तुष्ट छैनन् । उनीहरुले सार्वजनिक रुपमा पनि असन्तुष्टि जनाउने गरेका छन् ।




प्रदेश सरकारले अत्यावश्यक बजेट समेत उपलब्ध गराउन नचाहेको आरोप प्रतिष्ठानमा कार्यरत्त चिकित्सकहरुले लगाउने गरेका छन् । मेडिकलका विद्यार्थीहरुलाई सरकारले उपलब्ध गराउने छात्रवृत्ति वापतको रकम समेत समयमा नआउने गरेको उनीहरुको कथन छ । छात्रवृत्तिको रकम समयमा सरकारले उपलब्ध गराइदिए पनि सहज हुने चिकित्सकहरु बताउँछन् ।

तर प्रदेश सरकारले प्रतिष्ठानको सबै खर्च धान्न सहज नभएको बताउने गरेको छ । सरकारले बजेट नदिने तर अनावश्यक रुपमा अस्पताल खोल्ने गरेको आरोप छ । पालिका स्तरमा निर्माणाधिन अस्पतालले पनि समस्या उत्पन्न भएको स्वास्थ्य मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान संघीय सरकारले आफ्नो स्वामित्वमा लिएर सञ्चालन गर्न मधेश प्रदेश सरकारको चाहना छ ।त्यसकालागि प्रदेश सरकारबाट पहल थालिएको एकजना अधिकारीले बताए ।

'मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको संचालन संघीय सरकारबाट हुनुपर्छ' उनले भने, संघीय सरकारले छात्रवृत्तीको रकम लगायत आवश्यक बजेट समेत उपलब्ध गराउनु पर्छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान छोटो समयमा नै अत्यन्त प्रतिष्ठित भएकोले संघीय सरकारले जिम्मेवारीवहन गर्नुपर्ने स्वास्थ्य मन्त्रालयका कर्मचारीहरु बताउँछन् ।

संघीय सरकारले वर्षको २ अर्बको बजेट सिंलिंग दिएर नारायणी र राजविराज अस्पतालको जिम्मेवारी समेत प्रदेश सरकारलाइ दिन लागेको छ । त्यस्तो अवस्थामा प्रदेश सरकारमाथि थप आर्थिक बोझ र अस्पताल व्यवस्थापनको जिम्मेवारी बढने छ।

संघीय सरकारले देशैभरि आफ्नो मातहतमा रहेको स्वास्थ्य संस्थाको जिम्मेवारी प्रदेश सरकारलाई हस्तान्तरण गरेको छैन । तर मधेश प्रदेशमा दुई वटा अस्पताल प्रदेश सरकारलाई सिमित बजेट उपलब्ध गराएर जिम्मा दिन चाहेको छ।

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताललाई संघीय स्वास्थ्य मन्त्रालयले प्रतिष्ठानको रुपमा अगाडि बढाएको छ । जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव स्वास्थ्य मन्त्री रहेको बेला राजविराज अस्पतालाइ वीर अस्पतालको मोडेलमा प्रतिष्ठानको कार्य अगाडि बढाएका थिए। तर उनी मन्त्रिबाट हट्ने बितिकै त्यसको कार्य नै ठप्प भएको छ।

नारायणी उपक्षेत्रीय अस्पताल र राजविराज अस्पताल संघीय सरकार मातहत रहेको छ । तर त्यहाँ पनि बजेटको पर्याप्त छैन।

## नापीमा भद्रगोल, नक्सामा व्यापक फेरबदल

**टुडे समाचारदाता**

जनकपुरधाम । नापी कार्यालय धनुषामा भद्रगोल छ । नक्सामा व्यापक फेरबदल गरिएको छ । पहिलेदेखि नापी भएको जग्गाको समेत कम्प्युटर नक्सामा फेरबदल गरिएको छ।



धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिकाको वडा नम्बर ७ मा पर्ने कुम्हरौडामा नेपाल सरकारको नाममा नापी रहेको पोखरी, डबरी, कुलो, पैनी, मठमन्दिर, पुस्तकालय लगायतको नक्सामा फेरबदल गरिएको छ।

गाउँ ब्लकको जग्गा नापी हुनु भन्दा पूर्व नै लालपुर्जा र नक्सा रहेको जग्गाको हाल कम्प्युटर प्रणालीमा हेरफेर गरिएको छ ।नापीको ब्लुप्रिन्ट नक्सामा रहेको कित्ताको चार किल्ला भन्दा कम्प्युटरमा रहेको नक्साको चार किल्लामा व्यापक अन्तर देखिएको छ।

ब्लुप्रिन्टमा पूर्व तर्फ रहेको जग्गा कम्प्युटरमा पश्चिम तर्फ सारिएको छ । बेचबिखन गर्ने क्रममा जग्गाको नक्सा नापीमा भिडाउदा भोगचलन रहेको भन्दा बिल्कुल फरक देखिन्छ। सर्वसधारण त त्यसैलाई सत्य मानेर काम चलाउने गरेका छन् ।

कुम्हरौडाका स्थानीय बासिन्दाहरुले केही दिनदेखि जग्गाको यकिन गर्न नापी कार्यालयमा जाँदा भोगको भन्दा फरक नक्सामा देखिएको बताउने गरेका छन् ।उनीहरुले नापी कार्यालयका प्रमुख लगायतका अधिकृतहरुसित सम्पर्कगर्दा कम्प्युटरमा कसैले चलखेल गरेको हुन सक्ने भन्दै पन्छिने प्रयास गरेको दुखेसो पोखेका छन् ।

लक्ष्मीनियाँ ७ कुम्हरौडाको गाउँ ब्लकको जग्गा नापी गरेको झण्डै एक दशक भइसक्यो । तर हालसम्म पुर्जा बितरण गरिएको छैन । गाउँ ब्लकमा रहेको तर पहिलेदेखि नै नाप नक्सा बनेको सार्वजनिक पोखरी, पैनी, कुलो, नदी, नाला, डबरा, मठमन्दिर, पुस्तकालय लगायतको जग्गा नापी कार्यालयका कर्मचारीहरुले मोटो रकम लिएर व्यक्तिको नाममा नापी गरेकाले लालपुर्जा बनाउन समस्या भएको बताइन्छ।

> नापीका कर्मचारीहरुका अनुसार पहिलेदेखि नापी र लालपुर्जा बनेको सरकारी जग्गा यकिन नगरि व्यक्तिको जग्गाको नापी यकिन गर्न मिल्दैन । सरकारी जग्गा मिचिएको अवस्थामा व्यक्तिलाई लालपुर्जा बितरणगर्दा कर्मचारी फस्ने र गाउँका बासिन्दाहरुबीच विवाद हुने उनीहरुको कथन छ ।

नापीका कर्मचारीहरुका अनुसार पहिलेदेखि नापी र लालपुर्जा बनेको सरकारी जग्गा यकिन नगरि व्यक्तिको जग्गाको नापी यकिन गर्न मिल्दैन। सरकारी जग्गा मिचिएको अवस्थामा व्यक्तिलाई लालपुर्जा बितरणगर्दा कर्मचारी फस्ने र गाउँका बासिन्दाहरुबीच विवाद हुने उनीहरुको कथन छ।

स्थलगत आधारमा भोगचलन रहेको र नापीको ब्लुप्रिन्टमा समेत उल्लेख भए बमोजिमको बाहेक काम गर्दा विवाद र कारबाही समेत हुन सक्ने बताउँदै कर्मचारीहरुले लालपुर्जा वितरण गर्न मानेका छैनन् । स्थानीय वासिन्दाहरुले जनाए अनुसार सरसर्ती हेर्दा २० भन्दा बढी कित्ताको भोगचलन, ब्लुप्रिन्टको भन्दा कम्प्युटरको नक्सामा फरक देखाइएको छ।

सार्वजनिक जमिन समेत केहि व्यक्तिले बिक्री गरिसकेको सो नक्साबाट देखिन्छ। सर्वसधारणलाई नक्सा सम्बन्धमा ज्ञान नहुने भएकोले हाल गाउँ ब्लकको जग्गा खरिद बिक्रीमा लालपुर्जा बन्ने कित्ता नम्बर अन्यत्र पर्न सक्छ । ब्लुप्रिन्टमा कायम रहेको जग्गाको कित्ता नम्बर समेत कम्प्युटरको नक्सामा फरक देखिएको छ। ब्लुप्रिन्ट र लालपुर्जामा समेत रहेको कित्ता नम्बर र कम्प्युटरमा रहेको कित्ता नम्बर मिल्दैन । तर अधिकांश जग्गा धनीले कम्प्युटरमा उल्लेख भए अनुसारकै नक्सालाई आधार मानेर जग्गा लेनदेन गरिरहेका छन्।

नापीका एकजना अधिकृतले तत्काल समस्या नदेखिए पनि पछि ठूलो समस्या आउने सक्ने चेतावनी दिएका छन् । कम्प्युटरमा उल्लेख भएको कित्ता नम्बर अनुसारको जग्गामा संरचना बनाउदा पछि त्यो कित्ता नम्बर ब्लुप्रिन्टको कित्ता नम्बर भन्दा फरक पर्न जानेछ । त्यस्तो अवस्थामा महँगो संरचना अन्य व्यक्तिको जग्गामा पर्न जाने र कानुनतः उसैको भोगमा समेत पर्न सक्छ।


स्थानीय वासिन्दाहरुले लक्ष्मीनिया गापाको वडा नम्बर ७ मा पर्ने कुम्हरौडाको ब्लुप्रिन्ट र कम्प्युटरको नक्सालाइ रुजुगर्न माग गरेका छन्। उनीहरुले बदमासी गर्ने कर्मचारीहरुलाई तत्काल कारबाही गर्नुपर्ने र ब्लुप्रिन्टको आधारमा कम्प्युटरमा नक्सा सच्याउन माग गरेका छन्। नापीका अधिकृतहरु सहमति जनाए पनि त्यसो हुन नसकेको स्थानीयहरुले बताएका छन्।

गाउँब्लकको नापी गरिएको जग्गाको पुनः नापजाँच गरी भोगचलन अनुसारको नक्सा कायम गर्न स्थानीयहरुले माग गरेका छन्। भूमि विवाद अत्यन्त खतरनाक हुने भएकाले सरकारी निकायबाट तत्काल त्यसको निरुपण गर्नुपर्ने स्थानीयहरुले माग गरेका छन् । उनीहरुले सरोकारवाला निकायले समयमै ध्यान नदिए नापी कार्यालय विरुद्ध संघर्ष गर्ने चेतावनी दिएका छन् ।



# मासिँदै सनपाट

महोत्तरी।केहीदशकपहिलेसम्म महोत्तरीका बस्तीबस्तीका किसान सनपाटखेतीमा लाग्ने गरेका थिए। अचेल भने यहाँका फाँटमा न सनपाट देखिन्छ, न त यो खेती गर्नेमा युवा पुस्ताको आकर्षण छ। किसानका गोठमा पशुवस्तु घट्दै गएसँगै सनपाटको खेती पनि मासिँदै गएको जानकारहरू बताउँछन्। विगतमा पशुवस्तु बाँध्न, डुलाउनमात्र होइन, कैयौँ काममा प्रयोग हुने डोरीको प्रयोग हुने गरेको थियो। एकातिर पशुवस्तु पाल्न छोडिएको र अर्कोतिर प्लाष्टिकका बनिबनाउ डोरी सजिलै पाउने भएकाले सनपाटखेतीतर्फ किसानको सरकार घट्दै गएको हो।



"मेरै गोठमा जहिले पनि दुई हल गोरु, दुईवटा भैँसी र एउटा गाई हुन्थ्यो", दुई दशक पहिलेको आफ्नो गुहाली (गोठ) सम्झँदै बर्दिबास-९ पशुपतिनगरका ७० वर्षीय किसान कारी महतो भन्नुहुन्छ, "यिनै वस्तुसँग जोडेर बर्सेनि केही जग्गामा सनपाट लगाइन्थ्यो, अब न गोठमा वस्तु छन्, न पाटखेती नै गरिन्छ।"

उहाँ मात्रै होइन, यताका सबैजसो किसानका गोठमा जग्गाको अनुपातमा गोरु पालिन्थे, दूधका लागि घरघरै गाईभैँसी हुन्थे। किसानहरूले ती पशुवस्तु बाँध्न डोरी, दाम्ला बनाउन आफैँ सनपाटखेती गर्थे।

पुरानो पुस्ताको अवसानसँगै त्यो प्रचलन हराएको छ। नयाँ पुस्ता पढाइ र कामका लागि विदेसिने क्रम बढेपछि वस्तुपालन र पाटखेती हराएको महतोकै छिमेकी सूर्यदेव सिंह बताउनुहुन्छ।

यहाँको भङ्गाहा-६ हतिसार्काको मजरा बस्तीका ६० वर्षीय सुरेश बाँतरका अनुसार पशुवस्तुका दाम्ला बनाउन मात्र नभइ घरायसी प्रयोजनका लागि विगतमा पनि डोरी र मोटो रस्सी बाट्न पनि सनपाटको सुत्री चाहिन्थ्यो। दाम्लो, डोरी र मोटो रस्सा बनाउनमात्र नभइ प्राङ्गारिक मलका लागि पनि सनपाटखेती गर्ने चलन रहेको उहाँको भनाइ छ।

"सनपाटका जरामा हुने साना गिर्खा (गाँठा) मा माटोलाई चाहिने उर्वर शक्ति नाइट्रोजन हुन्छ, अनि डाँठ र पातबाट कम्पोष्ट मल बन्छ" नेपाल सरकारको कृषि सेवाको सहसचिवबाट अवकास प्राप्त भङ्गाहा-५ सीतापुरका ७५ वर्षीय कृषिविज्ञ रामबहादुर भुजेल भन्नुहुन्छ, "मधेसमा मलका लागि लगाइएको सनपाट खेतमा धान रोप्न, खेत हिल्याउँदा जोतेर केही दिन छाडिने चलन छ। हिलो पानीले सनपाट गलेपछि फेरि दाँदे लगाएर धान रोपिन्छ।"

सनपाटको यस्तो मल धानखेतीका लागि निकै उर्वर हुँदा विगतमा किसानको रोजाइमा पर्ने गरेको भुजेलको भनाइ छ। उहाँले कृषि कार्यालयहरूले किसानलाई मलका लागि यो खेती गर्न कार्यक्रम नै बनाएर अभिप्रेरित गर्ने गरेको पनि स्मरण गर्नुभयो।

सनपाट दाम्ला, डोरी र रस्साका लागि खेती गरिँदा यो छिप्पिएपछि काटेर मुठा बनाइ गहिरो पानीमा डुबाउन पर्छ। त्यसरी केही दिन पानीमा डुबाइएको सनपाटको डाँठबाट रेसा अलग्गिन थालेपछि त्यसलाई धोइपखाली घर ल्याएर सुकाएपछि पाट तयार हुन्छ। यसरी तयार भएको पाट सुत्री कातेर दाम्ला, डोरी र रस्सा बनाउनसँगै उब्रेको पाट बजारमा बेचेर किसान घरखर्चको जोहोसमेत मिलाउने गरेका गौशाला-१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मी महतोको सम्झना ताजै छ।

"पहिले पो जोत्न गोरु चाहिन्थ्यो र घरघरै जसको जति खेत छ, त्यसअनुसार गोरु पाल्थे, अब सबै ट्रेक्टरबाटै जोत्छन्", उहाँ भन्नुहुन्छ, "गोरुसँगै घरघरैजसो भैँसी र कमसेकम एउटा गाई पालिन्थ्यो, अब न गोठमा वस्तु नै छन्, न यिनलाई बाँध्न चाहिने दाम्ला/डोरीका लागिको सनपाटखेती।" व्यावसायिक रूपमा आधुनिक तवरले पशुपालन गर्ने किसान निकै कम भएका र अब बजारमा प्लाष्टिकका दाम्ला, डोरी सजिलै पाइन थालेपछि सनपाटको सम्झना नै हुन छाडेको उहाँको भनाइ छ।

> "मधेसमा मलका लागि लगाइएको सनपाट खेतमा धान रोप्न, खेत हिल्याउँदा जोतेर केही दिन छाडिने चलन छ। हिलो पानीले सनपाट गलेपछि फेरि दाँदे लगाएर धान रोपिन्छ।"

विराटनगरको जुटमिल बन्द हुनु, पशुपालन घट्दै जानु, नयाँ पुस्ताले यसबारे रुचि नदेखाउनु, पोखरी/दहमा पानी सुक्नु र खेतीमा रासायनिक मलमा निर्भरता बढ्नुले सनपाटखेती हराएको औरही-७ भोइलका पाका किसान ७० वर्षीय मोहन महतोको बुझाइ छ।

"करिब दुई दशक अघिसम्म जिल्लाका सबैजसो भेगमा आमकिसानले धेरथोर सनपाटखेती लगाउँथे। यहाँ कुत्रुङ, कश्मिरा र पटुवा जातका सनपाटको खेतीबाट आफूलाई आवश्यक पर्ने सुत्री कातेर अरु बेचेर घरखर्चका लागि नगदको जोहो गर्थे", एकडारा गाउँपालिकाको अजमरपट्टी बस्तीका ६० वर्षीय हरिदेव मण्डलले भन्नुभयो, "यो सबै हिजोझैँ लाग्दैछ। अहिलेका किशोर उमेरका नातिनातिनालाई सनपाट भनेको नै थाहै नपाउने अवस्था बनिसक्यो।"

सनपाट घरायसी प्रयोजनका डोरी, नाम्ला, दाम्ला र रस्सा एवं प्राङ्गारिक मलका लागिमात्र नभई कागज, बोरा, झोला, कपडा बुन्न उद्योगले समेत किन्ने गरेकाले विगतमा राम्रो आम्दानीको स्रोतको रूपमा थियो। यहाँबाट तयार गरिएको पाट विराटनगर जुट मिलमा जाने गरेकाले आम्दानी गर्न सहज भएको भङ्गाहा-५ धतीयाटोलका ६५ वर्षीय किसान सुपतलाल यादवको सम्झनामा छ। उहाँ भन्नुहुन्छ,"मल र घरायसी प्रयोजका लागि सनपाट प्रयोग गर्थ्यौं। बढी भएपछि उद्योगलाई बेचेर कमाउथ्यौँ।"

सनपाटको सन्ठी अत्यन्त प्रज्वलनशील हुने हुँदा गाउँघरमा आगो सल्काउन/जगाउन बचाएर राख्ने पुरानो चलनसमेत रहेको थियो। खासगरी सन्ठी दीपावलीमा 'हुक्कालोलि' खेल्न प्रयोग गर्ने मधेशको चलन छ। 'हुक्कालोलि' मिथिला संस्कृतिकै अङ्ग मानिन्छ। यस प्रयोजनका लागि सन्ठी जोगाएर राखिने गरेको विगत यहाँका पाका किसानले बताउने गरेका छन्।

सनपाटखेती गर्मी हावापानीमा हुने गर्छ। छरेको करिब ४५ दिनमा काट्न तयार हुने यो खेतीका लागि महोत्तरीको माटो र वातावरण अनुकूल भएको कृषि प्राविधिक बताउँछन्। पानीका दह घट्दै गएपछि पाटका लागि यो खेती असजिलो हुँदै गए पनि खेतबारीको मलका लागि भने किसानलाई अझै यसतर्फ उत्प्रेरित गर्न आवश्यक रहको कृषिविज्ञ राजकिशोर यादवको भनाइ छ। रासस

# कार्यकर्तालाई त्रास देखाउनु गलत : सिंह

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सदस्यता अद्यावधिक नाममा नेता कार्यकर्तामा डर र त्रास देखाउनु गलत रहेको चेतावनी दिएका छन्।



धनुषा क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति स्वर्गीय श्यामनिधि यादवको श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै नेता सिंहले भने '१५ औँ महाधिवेशनका लागि सदस्यता नवीकरण र नयाँ वितरण भइसकेको अवस्थामा फेरि अद्यावधिक गर्ने नाममा कार्यकर्तामाझ डर र त्रास सिर्जना गर्नु उचित हुँदैन।'

उनले पार्टीलाई संस्थापक नेताहरूले निर्दिष्ट गरेको मूल्य-मान्यता र आदर्शअनुरूप अगाडि बढाउनुपर्नेमा जोड दिँदै पार्टीभित्र विधिको शासन स्थापित गर्नु नै अहिलेको मुख्य आवश्यकता रहेको बताए।

नेता सिंहले नेपाली कांग्रेसको नेतृत्वमा जारी भएको वर्तमान संविधानको रक्षा गर्दै जनताका इच्छा र आकांक्षाहरू पूरा गर्न पार्टीले आफ्ना कमी-कमजोरीहरू सुधार गर्नुपर्ने बताए। पार्टीको आन्तरिक विवाद र आसन्न १५ औँ महाधिवेशनका विषयमा चर्चा गर्दै नेता सिंहले हाल पार्टी दुई धारमा विभाजित देखिएको टिप्पणी गरे।

उनले विशेष महाधिवेशन पक्षधर र नियमित महाधिवेशन पक्षधर गरी दुई समूह देखिएकाले १५ औँ महाधिवेशनलाई 'एकताको महाधिवेशन' बनाउनुपर्नेमा जोड दिए। यसका लागि दुवै पक्षलाई विश्वासमा लिने गरी एउटा साझा र भरपर्दो संयन्त्र निर्माण गरेर मात्र महाधिवेशन प्रक्रिया अगाडि बढाउनुपर्ने उनको सुझाव छ।

प्रविधिको प्रयोगको नाममा विधि र प्रक्रिया मिचेर आफ्ना पक्षकालाई मात्र स्थान दिने प्रवृत्तिले पार्टीलाई कमजोर बनाउने चेतावनी समेत उनले दिए। देशको वर्तमान राजनीतिक परिस्थिति र लोकतान्त्रिक प्रणालीमाथि आइलागेका चुनौतीहरूको सामना गर्न कांग्रेस एकढिक्का हुनुपर्नेमा जोड दिए।

# अदालत घेराउ गर्ने चेतावनी



**टुडे समाचारदाता**

जनकपुरधाम। मीटरब्याज पीडितहरूले आन्दोलनलाई सशक्त बनाउँदै जिल्ला अदालत धनुषा घेराउ गर्ने भएको छ।

मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपाल मिथिला कमाण्डका इन्चार्ज मोहन महतोले मिथिला कमाण्ड र भोजपुरा कमाण्डको संयुक्त नेतृत्वमा जेठ १९ गतेदेखि दुईदिने शान्तिपूर्ण घेराउ कार्यक्रम गरिने जनाएको छ।

जनकपुरधाममा बिहीबार एक पत्रकार सम्मेलनमा आयोजना गरी महतोले पीडितहरूले लामो समयदेखि न्यायको माग गर्दै आए पनि सरकारले समस्या समाधानतर्फ ठोस पहल नगरेकाले आन्दोलन थप सशक्त बनाउन बाध्य भएको बताए। उनले आवश्यक परे सडकसमेत घेराउ गर्ने चेतावनी दिए।

महतोका अनुसार विभिन्न समयमा गृहमन्त्री फेरिए पनि मिटरब्याज पीडितको समस्या समाधान हुन नसकेको भन्दै केही दिनअघि जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि पनि शान्तिपूर्ण धरणा दिइएको दिइयो तर कुनै चासो लिइएन। उनले अदालत घेराउन कार्यक्रममा प्रदेशभरबाट करिब ८ देखि १० हजारको संख्यामा पीडित सहभागिता रहेको दाबी गरेका छन्।

पत्रकार सम्मेलनमा संघर्ष समितिका केन्द्रीय सदस्य तथा पीडित सर्वनारायण रायले अदालतबाट पीडितभन्दा साहु पक्षलाई बढी संरक्षण हुने गरेको आरोप लगाए। उनले मिटरब्याज पीडितले निष्पक्ष न्याय नपाएको भन्दै आन्दोलनलाई थप सशक्त बनाउन अदालत घेराउको कार्यक्रम अघि बढाइएको बताए।

# आज आगामी आर्थिक वर्षको बजेट आउँदै

काठमाण्डु। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट शुक्रबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्दै हुनुहुन्छ। गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा झण्डै दुई तिहाइ जनमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले बजेट प्रस्तुत गर्दैछ।

निर्वाचनका क्रममा सो पार्टीले प्रस्तुत गरेको वाचापत्र, सरकार गठन भएपछि सार्वजनिक भएको शासकीय सुधारका १०० बुँदे कार्ययोजना र सदनमा प्रस्तुत विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका आधारमा बजेट आउने बताइएको छ।

सङ्घीय संसद्का दुवै सदनमा सांसदहरूले दिनुभएको सुझाव, राष्ट्रिय स्वतन्त्र पार्टीले गत फागुन २१ को निर्वाचनमा व्यक्त गरेको वाचापत्र, सरकारको सुशासनको मार्गचित्रलगायतका विषयलाई बजेटको केन्द्रमा राखिएको छ। यही जेठ १५ गते गणतन्त्र दिवसको दिन सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आवको बजेट प्रस्तुत गर्नुहुने कार्यक्रम छ।रासस

# नेपालमा "क्यान्सर"को औषधिमा प्रयोग गरिने कच्चा पदार्थ उत्पादन : निर्यात समेत थालनी

चितवन। जायोडिन बायोटेक उद्योगले क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन सुरुआत गरेको छ। भरतपुर महानगरपालिका-१६ शरणपुरस्थित सो उद्योगले नेपाली जडीबुटी प्रशोधन गरेर क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन गरी भारत निर्यात समेत गर्न थालनी गरेको हो।




उद्योगकाअध्यक्षजीनारायणबहादुर क्षेत्रीले सो जानकारी दिँदै भन्नुभयो "अत्याधुनिक उपकरण जडान गरेर कच्चा पदार्थ तयार गरेर निर्यात गर्न सुरुआत गरेका छौँ।" स्वदेशी उद्यमीको संयुक्त लगानीमा रु एक अर्ब ३० करोड सञ्चालनमा आएको जनाइएको छ।

उद्योगमा कच्चा पदार्थ र त्यसबाट बन्ने क्यान्सरका औषधिहरु उत्पादनका लागि काम भइरहेको छ। उहाँले भन्नुभयो, "क्यान्सरको औषधिको कच्चा पदार्थ उत्पादन गरी निर्यात गरेका छौँ।"

क्यान्सरको औषधि आयत हुँदै आएको छ। उद्योगले १०-१२ प्रकारका कच्चा पदार्थ उत्पादन गर्ने लक्ष्य लिएको छ। हाल दुई कच्चा पदार्थ उत्पादन गरिसकेको छ। लौठ सल्लोलाई प्रशोधन गरेको सहायक कच्चा पदार्थ 'टेन ड्यब थ्री'बाट अन्य केमिकल प्रयोग गरी 'प्याक्लिट्याक्सल' र 'डोसीट्याक्सल' कच्चा पदार्थ उत्पादन गरेको उहाँको भनाइ छ।

हेटौँडाको बसामाडीमा रहेको इभान्स लाइफ साइन्स नामक उद्योगबाट लौठ सल्लो प्रशोधन गरी सहायक कच्चा पदार्थ उत्पादन गरी यहाँ ल्याएर पुनः प्रशोधन गरिएको उहाँको भनाइ छ। प्रशोधन गरेपछि कच्चा पदार्थ तयार हुने गर्दछ। त्यही तयारी कच्चा पदार्थ दुई किलो पाँचसयग्राम 'सेभेन ट्रक प्याक्लिट्याक्सल' मंगलबार भारत निर्यात गरिएको हो। आफूहरुले उत्पादन गरेको कच्चा पदार्थ उत्पादन परीक्षण गरी अनुमति समेत प्राप्त गरिसकेको उहाँको भनाइ छ। कच्चा पदार्थ निर्यात गर्न भारतीय कम्पनीलाई नमूना पठाइएको र नमूना सफल भएसँगै भारतमा कच्चा पदार्थ निर्यात गरिएको उहाँले जानकारी दिनुभयो। यो कच्चा पदार्थ रु आठ लाखदेखि २५ लाखसम्म प्रतिकिलो मूल्य पर्दछ। कच्चा पदार्थको 'ब्राण्ड' नाम हुँदैन।

उहाँले पाकिस्तान, बङ्गलादेशलगायतका एसियाली देशहरुमा निर्यात गर्ने आफूहरुको योजना रहेको जानकारी दिनुभयो। नेपालका ४० देखि ४५ जिल्लामा यो लौठसल्लो पाइने जनाउँदै उहाँले वार्षिक एक हजार ५०० टन लौठसल्लोबाट दुईदेखि तीन हजार किलोसम्म कच्चा पदार्थ उत्पादन गर्न सकिने छ। रासस

# झण्डै दुई खर्बको पेट्रोलियम पदार्थ आयात

**टुडे समाचारदाता**

वीरगञ्ज। चालु आर्थिक वर्षको पहिलो १० महिनामा वीरगञ्ज भन्सार नाकाबाट रू एक खर्ब ८१ अर्ब ७० करोडभन्दा बढी मूल्यका विभिन्न पेट्रोलियम पदार्थ आयात भएको छ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस वर्ष पेट्रोलियम पदार्थको आयात मूल्य १६ दशमलव ३५ प्रतिशतले वृद्धि भएको जनाइएको छ।

गत आवको पहिलो १० महिनामा रू एक खर्ब ५६ अर्ब १७ करोड बराबरका पेट्रोलियम पदार्थ आयात भएका थिए। यस वर्ष भने आयात रकममा करिब रू २५ अर्ब ५३ करोडले वृद्धि भएको देखिएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।




भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार पेट्रोलियम पदार्थ आयातबाट मात्रै चालु आवको १० महिनामा रू ६७ अर्ब १९ करोड राजस्व संकलन भएको छ। कार्यालयका तथ्यांक अनुसार सबैभन्दा बढी डिजेल आयात भएको छ।

चालु आवको १० महिनामा रू एक खर्ब ५७ करोड मूल्य बराबरको आठ लाख ९५ हजार २४६ किलोलिटर डिजेल आयात गरिएको छ। गत आवको सोही अवधिमा ९ लाख ८५७ किलोलिटर डिजेल आयात हुँदा यसको मूल्य रू ७९ अर्ब ५७ करोड रहेको थियो।

त्यसैगरी, चालु आवमा रू ३५ अर्ब ७९ करोड मूल्य बराबरको तीन लाख ९० हजार ६१५ किलोलिटर पेट्रोल आयात भएको छ। गत आवको सोही अवधिमा तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात हुँदा यसको मूल्य रू ३१ अर्ब ७१ करोड थियो।

एलपीजी ग्यासको आयात भने केही घटेको देखिएको छ। चालु आवको १० महिनामा रू २५ अर्ब ५४ करोड मूल्य बराबरको २४ करोड २७ लाख तीन हजार १५० किलोग्राम एलपीजी ग्यास आयात भएको छ। गत आवको सोही अवधिमा भने रू ३० अर्ब २८ करोड मूल्य बराबरको २६ करोड ४१ लाख १४ हजार ३२६ किलोग्राम एलपीजी ग्यास आयात गरिएको थियो।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | जीवनसाथीसंगको सम्बन्ध मधुर रहनेछ। |
| वृष : | स्वास्थ्यमा सुधार आउनेछ। पुराना शत्रु र प्रतिस्पर्धीहरु परास्त हुनेछन्। |
| मिथुन : | बौद्धिक र रचनात्मक कार्यमा रुचि बढ्नेछ। |
| कर्कट : | पारिवारिक विषयलाई लिएर केही मानसिक चिन्ता बढ्न सक्छ। |
| सिंह : | तपाईको हिम्मत र पराक्रममा वृचि हुनेछ। |
| कन्या : | आर्थिक दृष्टिकोणले दिन राम्रो छ। |
| तुला : | सामाजिक प्रतिष्ठा र मान-सम्मान बढ्नेछ। |
| वृश्चिक : | खर्चको मात्रा बढ्न सक्छ, त्यसैले आर्थिक बजेट बनाएर चल्नु होला। |
| धनु : | आजको दिन निकै भाग्यशाली साबित हुन सक्छ। |
| मकर : | कार्यक्षेत्रमा तपाईको वर्चस्व बढ्नेछ। नयाँ पदोन्नति वा जिम्मेवारी पाउने योग छ। |
| कुम्भ: | भाग्यले पूर्ण साथ दिनेछ। धार्मिक र आध्यात्मिक कार्यमा मन जानेछ। |
| मीन: | आजको दिन अलि सावधानी अपनाउनु पर्ने देखिन्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पहाड र हिमाली क्षेत्रमा पूर्वाधार सेवा प्रवाहको प्रतिव्यक्ति लागत बढ्दो



काठमाण्डु । आर्थिक सर्वेक्षण २०८२/८३ का अनुसार ग्रामीण क्षेत्रको जनसंख्या घट्दै र सहरी क्षेत्रको जनसंख्या बढ्दै जाँदा पहाड तथा हिमाली क्षेत्रमा पूर्वाधार निर्माण र सेवा प्रवाहको प्रतिव्यक्ति लागत बढ्दो अवस्थामा पुगेको छ । उच्च जनघनत्व रहेको तराई-मधेस क्षेत्रमा ठूला पूर्वाधार आयोजनामा थप लगानी गर्नुपर्ने आवश्यकता सर्वेक्षणले औँल्याएको हो ।

तीव्र सहरीकरण, सहर केन्द्रित आर्थिक गतिविधिको विस्तार तथा जीवनस्तरमा आएको सुधारसँगै योजनाबद्ध सहरी पूर्वाधार, व्यवस्थित बस्ती विकास, गुणस्तरीय आवास तथा भरपर्दो ऊर्जा आपूर्तिको आवश्यकता बढिरहेको सर्वेक्षणमा उल्लेख छ । सरकारले चालु आर्थिक वर्षमा सडक, ढल, खानेपानी, फोहरमैला व्यवस्थापन, हरित सार्वजनिकस्थल तथा एकीकृत बस्ती विकासका कार्यक्रमलाई प्राथमिकतामा राख्दै सहरी पूर्वाधार विस्तारमा जोड दिएको छ ।

साथै विपद् जोखिम न्यूनीकरण, भूकम्प प्रतिरोधी संरचना निर्माण तथा जलवायु अनुकूल सहरी योजना कार्यान्वयनमार्फत दिगो र समावेशी सहर निर्माणतर्फ सरकार केन्द्रित रहेको छ । गाउँबाट सहरतर्फ बसाइँसराइ बढ्दै जाँदा जनसङ्ख्याको भौगोलिक संरचनामा परिवर्तन देखिएको छ । सर्वेक्षण अनुसार मुलुकको करिब १७ प्रतिशत भू-भाग ओगटेको तराई-मधेस क्षेत्रमा ५३ दशमलव सात प्रतिशत जनसंख्या बसोबास गर्दै आएका छन् भने पहाडी तथा हिमाली क्षेत्रमा ४६ दशमलव तीन प्रतिशत जनसंख्या रहेको छ ।

ऊर्जा क्षेत्रतर्फ नेपाल विद्युत्मा आत्मनिर्भरतातर्फ उन्मुख हुँदै गएको छ । विद्युत् उत्पादनमा निरन्तर वृद्धि भई २०८२ फागुनसम्म कूल जडित क्षमता चार हजार १०५ मेगावाट पुगेको छ । राष्ट्रिय प्रसारण लाइन (६६ केभी र सोभन्दा माथि) को लम्बाइ सात हजार २८० सर्किट किलोमिटर पुगेको छ । यसै अवधिसम्म मुलुकको ९९ दशमलव एक प्रतिशत जनसंख्यामा विद्युत् पहुँच विस्तार भएको उल्लेख सर्वेक्षणमा उल्लेख गरिएको छ । रासस

# पैतालिस सार्वजनिक संस्थानमध्ये अधिकांश कमजोर

काठमाण्डु । सरकारले सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन २०८३' ले देशका सार्वजनिक संस्थानहरूको अवस्था मिश्रित रहेको देखाएको छ ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म देशमा कूल ४५ सार्वजनिक संस्थानमध्ये छ वटा निष्क्रिय रुपमा अस्तित्वमा रहेको तर छ संस्थान कानुनी रूपमा कायम रहेर पूर्णरूपमा निष्क्रिय रहेका प्रतिवेदनमा उल्लेख छ । अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार शेयर पुँजीमा ५० प्रतिशतभन्दा बढी सरकारी नियन्त्रण रहेका र वस्तु तथा सेवाको उत्पादन तथा वितरण गर्ने उद्देश्यले स्थापना गरिएका निकायलाई सार्वजनिक संस्थानका रूपमा वर्गीकृत गरिएको छ ।

कार्य प्रकृतिका आधारमा औद्योगिक क्षेत्रमा १०, वित्तीय क्षेत्रमा १०, सेवा क्षेत्रमा ११, व्यापारिक क्षेत्रमा चार, सामाजिक क्षेत्रमा पाँच तथा जनोपयोगी क्षेत्रमा पाँच संस्थान रहेका छन् । जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, नेपाल ओरियण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड, नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड गरी छ संस्थान कानुनी रूपमा अस्तित्वमा भए पनि कुनै व्यावसायिक गतिविधि सञ्चालनमा छैनन् ।

नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेडबाट लामो समयदेखि वित्तीय विवरणसमेत प्राप्त नभएकाले विश्लेषणका लागि ४५ मध्ये ४३ संस्थानलाई मात्र प्रतिवेदनमा समावेश गरिएको छ ।उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौँडा सिमेन्ट उद्योग लिमिटेड र नेपाल औषधि लिमिटेड समीक्षा अवधिमा पूर्ण क्षमतामा सञ्चालन भएका छैनन् । नेपाल पूर्वाधार निर्माण कम्पनीले अझै पूर्ण व्यावसायिक रूप लिन नसकेको तथा धौवादी फलाम कम्पनी लिमिटेड उत्पादनपूर्वको चरणमा छ ।



सार्वजनिक संस्थानहरूले रणनीतिक पूर्वाधार निर्माण, बजार सन्तुलन, वित्तीय विकास, सामाजिक सुरक्षा तथा सङ्कट व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । निजी क्षेत्रको सम्भावित एकाधिकार, कृत्रिम अभाव, 'कार्टेलिङ, सिन्डिकेट' र कालोबजारी नियन्त्रण गरी बजार सन्तुलन कायम गर्न सार्वजनिक संस्थानले योगदान पुऱ्याएको सरकारको निष्कर्ष छ ।

बैंक तथा वित्तीय क्षेत्रको विस्तार, स्रोत परिचालन र मूल्य स्थिरतामा सार्वजनिक संस्थानको भूमिका महत्वपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ । कर तथा लाभांशमार्फत सरकारी कोषमा संस्थानहरूले उल्लेखनीय योगदान गरेका छन् ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ सम्म अस्तित्वमा रहेका ४५ संस्थानमध्ये २० वटा नेपाल सरकारको पूर्ण स्वामित्वमा छन् भने २५ वटा संस्थानमा सरकार तथा सरकारी निकायको संयुक्त रूपमा ५० प्रतिशतभन्दा बढी स्वामित्व रहेको छ । बत्तीस वटा संस्थानमा सरकारको ९० प्रतिशतभन्दा बढी र ३६ वटा संस्थानमा ६० प्रतिशतभन्दा बढी शेयर स्वामित्व छ ।

सामाजिक क्षेत्रका सबै पाँच संस्थान सरकारको पूर्ण स्वामित्वमा छन् । औद्योगिक क्षेत्रतर्फ दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग, हेटौँडा सिमेन्ट उद्योग, जनकपुर चुरोट कारखाना र धौवादी फलाम कारखानामा सरकारको शतप्रतिशत लगानी छ ।

सेवा क्षेत्रका नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी, नेपाल वायु सेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल रेल्वे कम्पनीलगायत संस्थानमा पनि सरकारको पूर्ण स्वामित्व छन् । जनोपयोगी क्षेत्रतर्फ नेपाल खानेपानी संस्थान र नेपाल विद्युत् प्राधिकरण सरकारकै पूर्ण स्वामित्वमा छन् ।

वित्तीय क्षेत्रका संस्थानमा भने सरकारको पूर्ण स्वामित्व नरहेका प्रतिवेदनले देखाएको छ । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा सरकारको ९९ दशमलव ९७ प्रतिशत स्वामित्व छ ।

आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानहरूको चुक्ता पुँजी दुई दशमलव ३८ प्रतिशतले वृद्धि भई रू चार खर्ब ३७ अर्ब ८० करोड १२ लाख पुगेको छ । यद्यपि कूल शेयर स्वामित्वमा सरकारको हिस्सा अघिल्लो वर्षको तुलनामा शून्य दशमलव २९ प्रतिशत विन्दुले घटेर ९१ दशमलव ६८ प्रतिशतमा सीमित भएको छ । बाँकी आठ दशमलव ३२ प्रतिशत सेयर अन्य संस्थान तथा निजी क्षेत्रको छ ।

क्षेत्रगत रूपमा सामाजिक क्षेत्रमा सरकारको शतप्रतिशत स्वामित्व छ भने सेवा क्षेत्रमा ९९ दशमलव ५४ प्रतिशत, व्यापारिक क्षेत्रमा ९९ दशमलव ८१ प्रतिशत, जनोपयोगी क्षेत्रमा ९८ दशमलव ८४ प्रतिशत र औद्योगिक क्षेत्रमा ९५ दशमलव ६७ प्रतिशत सरकारी स्वामित्व छ । वित्तीय क्षेत्रमा भने सरकारको स्वामित्व सबैभन्दा कम ६४ दशमलव ४१ प्रतिशत छ । रासस

# दक्षिण एसियामा वन: नेपाल दोस्रो स्थानमा

काठमाण्डु । दक्षिण एसियाका आठ मुलुकमध्ये सबैभन्दा बढी वनक्षेत्र भुटानमा छभने दोस्रो स्थानमा नेपाल रहेको छ ।

बुधबार सार्वजनिक आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षणआनुसार भुटानमा ६९ दशमलव ७१ प्रतिशत, नेपालमा ४६ दशमलव शून्य आठ, श्रीलङ्का ३४ दशमलव एक, चीन २२ दशमलव ९६, भारत २१ दशमलव ७१, बङ्गलादेशमा १२ दशमलव आठ, पाकिस्तान चार दशमलव आठ, माल्दिभ्समा दुई दशमलव सात र अफगानिस्तानमा एक दशमलव नौ प्रतिशत वनक्षेत्र छ । विश्वको कूल भूभागको ३२ प्रतिशत भूभाग वनले ढाकेको छ ।

सन् २०२४ मा नेपालको वन क्षेत्र कूल भू-भागको ४६ दशमलव शून्य आठ प्रतिशत थियो । यसमध्ये कूल भू-भागको ४३ दशमलव ३८ प्रतिशत वन र दुई दशमलव सात प्रतिशत झाडी तथा बुट्यान क्षेत्र रहेको छ । सन् १९९० को दशकमा नेपालमा ३९ दशमलव छ प्रतिशत वन क्षेत्र रहेकोमा सन् २०१५ मा ४४ दशमलव ७४ प्रतिशत र सन् २०१९ मा ४५ दशमलव ३१ प्रतिशत पुगेको थियो ।

देशको कूल भू-भागमध्ये ३४ हजार ४२० वर्ग किमी संरक्षित क्षेत्रका रूपमा छ । यो कूल भू-भागको २३ दशमलव चार प्रतिशत हो । साथै ११ वन संरक्षण क्षेत्रअन्तर्गत हालसम्म एक लाख ९४ हजार १५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ ।

यसैगरी गत फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा ८९९ सामुदायिक वन समूह गठन भएका छन् भने यस्तो क्षेत्रले करिब दुई लाख २५ हजार आठ हेक्टर क्षेत्रफल ओगटेको छ । त्यसैगरी ४८ मध्यवर्ती कबुलियति वनमार्फत ५४८ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ ।रासस

# मुग्लिन-पोखरा सडक विस्तार : अगामी असारसम्म पूरा नहुने

कास्की।पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा निर्माण सुस्त बनेको छ। पाँच वर्षअघि सुरुआत भएको सडक विस्तार तथा स्तरोन्नति पटक-पटक म्याद थप हुँदासमेत अझै पूरा हुन सकेको छैन। तनहुँको जामुनेदेखि



पोखराको सेतीपुलसम्मको ३८ दशमलव ७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ ।

आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुऱ्याइएको थियो । तर पछिल्लो प्रगति हेर्दा निर्धारित अवधिभित्र निर्माण सम्पन्न नहुने अनिश्चित भएको हो ।

पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या, निर्माण सामग्रीको मूल्यवृद्धि तथा पछिल्ला दिनमा परेको लगातार वर्षाले निर्माण प्रभावित बनेको आयोजनाले जनाएको छ । मूल्यवृद्धिका कारण निर्माण कम्पनीले अत्यावश्यकबाहेकका अन्य काममा अपेक्षित गति दिन नसकेको जनाएको छ ।

मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ । उहाँले कूल सडकखण्डमध्ये पहिलो तहको कालोपत्रे ३८ किलोमिटर र दोस्रो तहको कालोपत्रे ३७ दशमलव २८ किलोमिटर सम्पन्न भएको जानकारी दिनुभयो ।


आयोजनाअन्तर्गत २० दशमलव ५५ किलोमिटर चार लेन सडक तथा १८ दशमलव १६ किलोमिटर चार लेनसहित सर्भिस लेन निर्माण गर्नुपर्नेछ । योजना प्रमुख कुँवरले इन्धन अभावले निर्माणमा प्रत्यक्ष असर परेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "निर्माण कम्पनीलाई दैनिक चार हजार लिटर डिजेल आवश्यक पर्छ, तर अहिले एक हजार ५०० लिटर मात्र उपलब्ध भइरहेको छ । निर्माण सामग्रीको मूल्यसमेत अत्यधिक बढेकाले काम प्रभावित भएको छ । यसले निर्धारित समयमा आयोजना सम्पन्न गर्न कठिन भएको छ ।"

योजनाका सूचना अधिकारी अनन्त बरालका अनुसार कालोपत्रे सम्पन्न भएका क्षेत्रमा सर्भिस लेन निर्माण, सडक मार्किङ, थर्मोप्लास्टिक पेन्ट तथा 'डब्लु बिम रोड सेफ्टी ब्यारियर' जडानको काम भइरहेको छ । नेपालको प्रमुख विकास साझेदार एशियाली विकास बैंकको लगानीमा सञ्चालित उक्त आयोजनाअन्तर्गत पश्चिम खण्ड निर्माणका लागि चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनसँग रु सात अर्ब ४० करोडमा ठेक्का सम्झौता गरिएको थियो ।

उक्त खण्डको निर्माण सम्झौता विसं २०७८ जेठ २ गते भएको थियो भने २०७८ भदौ १२ गतेदेखि निर्माण थालनी गरिएको थियो । रासस

# अनधिकृत संरचना हटाइँदै



गण्डकी । पोखरा महानगरपालिका-९ पृथ्वीचोक क्षेत्रमा सरकारी जग्गा अतिक्रमण गरी विभिन्न संघसंस्थाले बनाएका अनधिकृत भवनमा महानगरले आज डोजर चलाएको छ ।

हङ्कङ बजारको पूर्वपट्टी रहेका नेपाल ट्रेड युनियन कांग्रेस, जिफन्ड गण्डकी, सामुदायिक प्रहरी, सहारा क्लब, हिमाली सांस्कृतिक परिवारको भवन, सार्वजनिक शौचालयलगायतका संरचना हटाउन सुरु गरिएको हो ।

सुरक्षाकर्मीको बाक्लो उपस्थितिमा दुईवटा डोजर प्रयोग गरेर संरचना हटाउन थालिएको हो । महानगरले संरचना हटाउने पूर्वसूचना गरेपछि सङ्घसंस्था र व्यवसायीले भवन तथा सटर आफैँ खाली गरेका थिए । महानगर प्रमुख धनराज आचार्यले अतिक्रमित संरचना हटाएर दुई लेनको सडक निर्माण गरिने बताउनुभयो । उक्त सडक निर्माणपछि पृथ्वीचोकको ट्राफिक व्यवस्थापन सहज हुने उहाँको भनाइ छ ।

पोखरा उपत्यकता नगरविकास समितिको जग्गा अतिक्रमण गरेर विभिन्न सङ्घसंस्थाले भवन बनाइ सटर भाडामा लगाउँदै आएका थिए ।

महानगरपालिकाले आयोजनागरेकोसर्वदलीय/सर्वपक्षीय छलफलपछि राजनीतिक दलका भातृसंस्थालगायतले भवन खाली गर्न राजी भएका थिए । महानगर र उपत्यका नगरविकास समितिले गत वैशाख पहिलो साता सूचना जारी गरी अतिक्रमित संरचना खाली गराउन निर्देशन दिएको थियो । उक्त सूचनाको म्याद सकिएपछि बिहीबारदेखि महानगरले संरचना हटाउन सुरु गरेको हो । रासस

# नेपाल-स्विट्जरल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको पाँचौं बैठक सम्पन्न

काठमाण्डु । नेपाल-स्विट्जरल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको पाँचौं बैठक बुधबार काठमाडौँमा सम्पन्न भएको छ ।



नेपाल र स्विट्जरल्याण्डबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भएको अवसर पारेर आयोजित उक्त बैठकमा दुई देशबीचको समग्र सम्बन्ध र सहकार्यका विविध पक्षबारे समीक्षा भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

बैठकमा दुवै पक्षले दुई देशबीचको लामो समयदेखिको मित्रता र घनिष्ठ साझेदारीको प्रशंसा गर्दै आगामी दिनमा द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने तथा सहकार्य विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार नेपाली पक्षले स्विस पक्षलाई नेपालको पछिल्लो राजनीतिक तथा आर्थिक अवस्थाबारे जानकारी गराउँदै सुशासन, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, डिजिटल रूपान्तरण तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाहलाई नयाँ सरकारका प्राथमिकताका रूपमा प्रस्तुत गरेको थियो । साथै जलविद्युत् उत्पादन तथा प्रसारण, पर्यटन र सूचना प्रविधि क्षेत्रको विकास सरकारका प्रमुख आर्थिक लक्ष्य रहेको जानकारी पनि गराइएको थियो ।

नेपाली पक्षले स्विस सरकारद्वारा स्विस एजेन्सी फर डेभलपमेन्टएन्डकोअपरेसनमार्फत नेपाललाई निरन्तर प्राथमिकतामा राखिएकोप्रति आभार व्यक्त गरेको थियो । सङ्घीयता कार्यान्वयन, झोलुङ्गे पुल निर्माण, आप्रवासन व्यवस्थापन, सामुदायिक वन, प्राविधिक तथा व्यावसायिक शिक्षा र विपद् प्रतिरोधात्मक क्षमता अभिवृद्धिजस्ता क्षेत्रमा स्विट्जरल्याण्डले पुऱ्याएको सहयोगको प्रशंसा गर्दै नेपालको प्राथमिकताअनुसार सहयोगको दायरा अझ विस्तार गर्न आग्रह गरिएको थियो ।

बैठकमा जलवायु परिवर्तनलगायत साझा चासोका क्षेत्रीय तथा विश्वव्यापी विषय र बहुपक्षीय मञ्चमा सहकार्यका विषयमा पनि विचार आदानप्रदान भएको थियो । दुवै पक्षले प्रस्तावित समझदारीपत्र तथा सम्झौताहरू शीघ्र निष्कर्षमा पुऱ्याउने सहमति जनाएका छन् ।

बैठकमा नेपालको तर्फबाट परराष्ट्र मन्त्रालयका युरोप महाशाखा प्रमुख तथा सहसचिव गणेशप्रसाद ढकाल र स्विट्जरल्याण्डको सङ्घीय परराष्ट्र विभागअन्तर्गत एसिया तथा प्रशान्त महाशाखाका प्रमुख मार्कस लाइटनरले आ-आफ्नो प्रतिनिधिमण्डलको नेतृत्व गर्दै बैठकको सहअध्यक्षता गर्नुभएको थियो ।

नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्र मन्त्रालयको युरोप महाशाखा तथा सम्बन्धित मन्त्रालयका अधिकारी सहभागी थिए भने स्विस प्रतिनिधिमण्डलमा नेपालका लागि स्विस राजदूत डानिएल मेउलीसहित उक्त महाशाखाका पदाधिकारी र यहाँस्थित स्विस दूतावासका अधिकारी सहभागी थिए ।रासस

# छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव हुँदै

खोटाङ । नेपाल आदिवासी जनजाति चलचित्र महासंघले यही जेठ-१७ गतेदेखि 'छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव-२०८३' आयोजना गर्ने भएको छ । नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, चलचित्र विकास बोर्ड तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँगको सहकार्यमा जेठ १७, १८ र १९ गते चलचित्र महासङ्घले छैटौं महोत्सवको आयोजना गर्ने भएको हो ।




काठमाडौँस्थित चलचित्र विकास बोर्डमा आयोजना हुने महोत्सवमा लिम्बू, नेवारी, गुरुङ, तामाङ, मगर, भुजेल, माझी तथा राजवङ्शी समुदायका कथानक चलचित्र, लघु चलचित्र, वृत्तचित्र र एआई जेनेरेड वृत्तचित्र प्रदर्शन गरिने महोत्सव आयोजक समितिका निर्देशक सागर केरुङले जानकारी दिनुभयो ।

"आदिवासी चलचित्रलाई कला वा मनोरञ्जनका रूपमा मात्र होइन । सभ्यता, अस्तित्व र सांस्कृतिक सार्वभौमिकतासँग जोडेर हेरिनुपर्छ", उहाँले भन्नुभयो, "छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव- २०८३ मा आदिवासी जनजातिको भाषा बोल्छ, इतिहास बोल्छ, भूमि बोल्छ, पूर्वजहरुको स्मृति बोल्छ र सिङ्गो आदिवासी जनजाति समुदायको जीवित आत्मा बोल्छ । महोत्सवले नेपाललाई विश्व आदिवासी चलचित्रको एक सशक्त केन्द्रका रुपमा स्थापित गर्छ ।"

महोत्सवमा कथानक चलचित्रतर्फ दिनेश लिङ्देन निर्देशित रित, अमृतमान महर्जन निर्देशित स्वयनगु, जनक गुरुङ निर्देशित ङोल्स्यो रामरानी, निमा लामा तामाङ निर्देशित ह्याङ तामाङ तथा अशोक आले मगर निर्देशित दिलसरा प्रदर्शन गरिने जनाइएको छ । लघु चलचित्रतर्फ सागर केरुङ निर्देशित तङसिङ, हुतबहादुर तामाङ निर्देशित दुखला ग्यम, विपना तामाङ भुजेल निर्देशित निको पहिचान तथा विशाल रोकामगर निर्देशित लाहुरेनी प्रदर्शन हुने आयोजकले जनाएको छ ।

वृत्तचित्रतर्फ अनिल बूढामगर निर्देशित आग्रे, होमकुमारी माझी निर्देशित लदि पूजा तथा अरविन्द विश्वास निर्देशित एआई जेनेरेटेड वृत्तचित्र विराटनगरके प्राचीन राजवङ्शी प्रदर्शन गरिनेछ । महोत्सवले चलचित्रकर्मी, अनुसन्धानकर्ता, सांस्कृतिक अभियन्ताबीच नयाँ संवाद, सहकार्य र वैकल्पिक सिनेम्याटिक विमर्श निर्माण गर्ने विश्वास लिइएको छ ।

छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव-२०८३ का बारेमा आयोजकले आज अनामागरस्थित सिलौटा कटेजमा पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । पत्रकार सम्मेलनमा नेपाल चलचित्र कलाकार सङ्घका अध्यक्ष उत्तम केसी, नेपाल आदिवासी जनजाति महासङ्घका उपाध्यक्ष अमृतबहादुर सुनुवार, नेपाल आदिवासी जनजाति पत्रकार सङ्घका अध्यक्ष समीर बलामी तथा आदिवासी कलाकारहरुको सहभागिता थियो । रासस

# महाकाली नदीमा सेनाको विपद् अभ्यास


महेन्द्रनगर । नेपाली सेनाको अगुवाइमा कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ ऐरीस्थित महाकाली नदीमा विपद् व्यवस्थापन तथा उद्धारसम्बन्धी 'अभ्यास मनसुन-६' गरेको छ ।

नेपाली सेनाको बराहदल गुल्म भगतपुर ब्यारेकको आयोजनामा भएको उद्धारसम्बन्धी नमूना अभ्यासमा विपद्का बेला गरिने उद्धार तथा क्षति न्यूनीकरणसम्बन्धी नमूना अभ्यास स्थानीय माँझ प्रस्तुत गरिएको हो ।

बराहदल गुल्मका गुल्मपति सेनानी अशोक शाहीले उद्धार एवं क्षति न्यूनीकरणबारे सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले नमूना अभ्यास गरिएको बताउनुभयो ।

"महाकाली नदी क्षेत्रमा सम्भावित बाढी तथा प्राकृतिक विपद् व्यवस्थापनका लागि एकत्रित भएका छौँ", सेनानी शाहीले भन्नुभयो", उहाँले विपद्मा उद्धार गर्नका लागि सेनाको प्राविधिक टोली आवश्यक उपकरणसहित तयारी अवस्थामा रहने गरेको जानकारी दिनुभयो । नमूना अभ्यासमा नेपाली सेनासँगै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको उद्धार टोलीले संयुक्त अभ्यास देखाएका थिए ।

त्यसैगरी, कार्यक्रममा जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराले महाकाली नदीको किनारको क्षेत्र बाढी तथा विपद्को जोखिममा रहेकाले स्थानीय नागरिक वर्षातका बेला सजग हुनुपर्नेमा जोड दिनुभयो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कांग्रेसमा कलह बढ्यो

मधेश प्रदेशमा सरकारलाई पूर्णता दिएकै दिन सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस भित्र कलह बढेको छ। सत्ताको नेतृत्व गरिरहेको कांग्रेसले मन्त्रिमण्डललाई पूर्णता दिने क्रममा आफ्नै दलका एकजना वरिष्ठ मन्त्रिलाई बर्खास्त गरेको छ। मुख्यमन्त्री कृष्ण प्रसाद यादवले कांग्रेसबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रि बनेका जंगीलाल रायलाई बर्खास्त गरे। दिनभरि मुख्यमन्त्रीसित कैबिनेट मिटिंग र अनौपचारिक छलफलमा रहेका रायले बर्खास्त हुने कल्पना समेत गरेको थिएन। सत्तामा साझेदार भएका नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) को कोटाबाट मन्त्रीमा नियुक्ति र शपथ ग्रहणको कार्य गराउने बखत रायको नाम हटाइयो। त्यसले मधेश प्रदेश कांग्रेसलाई तरंगित बनाएको छ। मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार बनाउन सघाएका जनता समाजवादी पार्टी(जसपा) नेपाल र जनमत पार्टीका मन्त्रीहरुलाई पनि नयाँ गठबन्धन गर्दा बर्खास्त गरिएिको थियो। मुख्यमन्त्री यादवले राजनीतिक संस्कार अनुसार औपचारिकता निर्वाह गर्नु पर्ने थियो। उनले अपनाएको शैलीप्रति विपक्षी दलहरु र कांग्रेसकै सांसदहरु समेत असन्तुष्ट बनेका छन्। संघीय सरकारमा पनि मन्त्रिपरिषद् पुनर्गठन गर्ने बेला हटाइनु पर्ने मन्त्रीहरुलाई राजीनामा गर्न सुझाव दिने गरिन्छ। प्रधानमन्त्रीको निर्देशन पाउने बित्तिकै मन्त्रीहरुले राजीनामा गर्छन्। प्रदेशमा पनि मुख्यमन्त्रीले जुनसुकै बेला मन्त्रीलाई हटाउन सक्ने अधिकार छ। बर्खास्त गरिएका मन्त्रीहरुसित राजीनामा मागेको भए हट्ने मन्त्रीको सम्मान र मुख्यमन्त्रीसितको सम्बन्ध मधुर नै रहने थियो। राजनीतिमा पदबाट बर्खास्त गर्नुलाई प्रतिष्ठाको बर्खिलाप मानिन्छ। मुख्यमन्त्री यादवले बर्खास्त गरेको मन्त्री जंगीलाल राय यादव नेपाल विद्यार्थी संघ हुँदै कांग्रेसको राजनीतिमा सक्रिय रहेका नेता हुन्। उनलाई घोर अपमान गरी बर्खास्त गरिएको बिरोधमा सो पार्टी मधेश प्रदेश संसदीय दलका प्रमुख सचेत कुमर कान्त झाले पदबाट राजीनामा दिएका छन्। हुन त उनको राजीनामाको सम्बन्धमा कांग्रेसले आधिकारिक धारणा सार्वजनिक गरेको छैन। तर झाले रायको समर्थनमा राजीनामा दिएको प्रष्ट खुलाएको छैन। रायको राजीनामाले सरकारलाई संकट आउन सक्छ। राय रहेको समूहले कांग्रेसमा उत्पात मच्चाउन सक्छ। कुनै दबाब भए पनि बिना अभियोगको बर्खास्त गर्नु भन्दा मुख्यमन्त्री यादवले उनलाई राजीनामा गर्न लगाउनु पर्थ्यो। त्यो उत्तम हुन्थ्यो। यो घटनाले समग्रमा मुख्यमन्त्री यादवको विपक्षमा पाटी भित्रकै केही सांसदहरु गएका छन्। अब सरकारमाथि संकट आए मुख्यमन्त्री समूहकै सांसदहरुले पनि उनको साथ छाड्न सक्छन्। तीन दलले सार्वजनिक गरेको सहमति पत्रमा गठबन्धनलाई निर्वाचनसम्म नै लैजाने उल्लेख गरिएको छ। विगतमा भएका सहमतिहरुमा पनि यस्तै प्रतिबद्धताहरु जनाइएको थियो। साउनदेखि मन्त्रालयको संख्या घटाइने सहमतिमा उल्लेख छ। त्यसले सरकारलाई समस्यामा पार्न सक्छ।

# नेपाल किन विकसित हुन सकेन ?



डा. गंगादत्त नेपाल

नेपाल प्राकृतिक स्रोत, सांस्कृतिक विविधता, भौगोलिक सुन्दरता तथा मानव संसाधनका दृष्टिले अत्यन्त सम्भावनायुक्त राष्ट्र हो। हिमाल, पहाड र तराईको विविध भू-बनोट, जलस्रोतको प्रचुर सम्भावना, जैविक विविधता, पर्यटन आकर्षण तथा युवा जनशक्ति नेपालका महत्त्वपूर्ण सम्पत्ति हुन्। यति धेरै सम्भावना हुँदाहुँदै पनि नेपाल अपेक्षित रूपमा विकासको मार्गमा अघि बढ्न सकेको छैन।

दक्षिण एसियाका धेरै मुलुकले तीव्र आर्थिक तथा पूर्वाधार विकास हासिल गरिसक्दा नेपाल अझै पनि बेरोजगारी, गरिबी, राजनीतिक अस्थिरता, कमजोर प्रशासन, भ्रष्टाचार, कमजोर उत्पादन प्रणाली तथा परनिर्भरताको समस्याबाट जुझिरहेको छ। विकास केवल सडक, भवन वा पुल निर्माणमात्र होइन; यो आर्थिक समृद्धि, सामाजिक न्याय, सुशासन, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा नागरिकको जीवनस्तर सुधारसँग सम्बन्धित व्यापक प्रक्रिया हो। नेपाल विकास हुन नसक्नुमा बहुआयामिक कारण छन्।

ऐतिहासिक, राजनीतिक, सामाजिक, आर्थिक तथा प्रशासनिक कमजोरीहरू यसको मूल जडका रूपमा छन्। यस लेखमा नेपाल विकास हुन नसक्नुका प्रमुख कारणहरूबारे विस्तृत रूपमा चर्चा गरिन्छ।

**राजनीतिक अस्थिरता :**

नेपालको विकास अवरुद्ध हुनुको सबैभन्दा ठुलो कारण राजनीतिक अस्थिरता हो। प्रजातन्त्र स्थापना भएयता नेपालमा सरकार बारम्बार परिवर्तन हुने प्रवृत्ति रहँदै आएको छ। कुनै पनि सरकारले दीर्घकालीन योजना बनाएर कार्यान्वयन गर्ने पर्याप्त समय पाउन सकेको छैन। सरकार परिवर्तनसँगै नीति, कार्यक्रम र प्राथमिकताहरू परिवर्तन हुने हुँदा विकास योजना अधुरै रहने गरेका छन्।

राजनीतिक दलहरूबिच राष्ट्रिय हितभन्दा सत्ता संघर्षलाई बढी प्राथमिकता दिने प्रवृत्तिले विकास प्रक्रियालाई कमजोर बनाएको छ। राजनीतिक नेतृत्वले विकासभन्दा पनि शक्ति केन्द्रित राजनीति, भागबन्डा तथा व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिँदा देशले स्थायित्व प्राप्त गर्न सकेको छैन। राजनीतिक अस्थिरताले विदेशी लगानीकर्ताहरूलाई समेत निरुत्साहित बनाएको छ।

**भ्रष्टाचार र कमजोर सुशासन :**

नेपालमा विकास हुन नसक्नुको अर्को महत्त्वपूर्ण कारण व्यापक भ्रष्टाचार हो। राज्यको स्रोत तथा बजेट सही ठाउँमा प्रयोग नहुँदा विकासका योजनाहरू प्रभावकारी बन्न सकेका छैनन्। ठुला विकास आयोजनाहरूमा कमिसन, अनियमितता, ढिलासुस्ती तथा गुणस्तरहीन कामका समस्या बारम्बार देखिन्छन्।

भ्रष्टाचारका कारण सरकारी सेवाप्रति नागरिकको विश्वास घट्दै गएको छ। विकास निर्माणका लागि छुट्याइएको बजेटको ठुलो हिस्सा दुरुपयोग हुँदा जनताले अपेक्षित सेवा प्राप्त गर्न सकेका छैनन्। सुशासनको अभाव, पारदर्शिताको कमी तथा जवाफदेहिताको कमजोर अवस्थाले विकासलाई थप प्रभावित बनाएको छ।

यदि प्रशासनिक प्रणाली पारदर्शी, जिम्मेवार तथा परिणाममुखी बन्न सकेको भए नेपालले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी रूपमा उपयोग गर्न सक्थ्यो, तर कमजोर अनुगमन र राजनीतिक संरक्षणका कारण भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण बनेको छ।

**कमजोर शिक्षा प्रणाली :**

कुनै पनि राष्ट्रको विकास शिक्षाको गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित हुन्छ। नेपालमा विद्यालय तथा विश्वविद्यालयको संख्या बढे पनि गुणस्तरीय शिक्षा अझै चुनौतीकै रूपमा छ। शिक्षा प्रणाली बढी सैद्धान्तिक तथा परीक्षा केन्द्रित भएकाले व्यवहारिक ज्ञान, सीप तथा अनुसन्धानलाई पर्याप्त महत्त्व दिइएको छैन।

प्राविधिक तथा व्यवसायिक शिक्षाको कमीका कारण दक्ष जनशक्ति उत्पादन हुन सकेको छैन। लाखौँ युवा उच्च शिक्षा लिएपछि पनि बेरोजगार बन्न बाध्य छन्। अर्कोतर्फ, दक्ष युवाशक्ति रोजगारीका लागि विदेश पलायन भइरहेका छन्। यसले देशभित्र आवश्यक मानव संसाधनको अभाव सिर्जना गरेको छ। शिक्षा प्रणालीलाई श्रम बजार, प्रविधि तथा उत्पादनसँग जोड्न नसक्दा देशको आर्थिक विकासमा शिक्षा क्षेत्रले अपेक्षित योगदान दिन सकेको छैन।

**बेरोजगारी र युवा पलायन :**

नेपालमा उद्योग, उत्पादन तथा रोजगारीका अवसर सीमित भएकाले ठुलो संख्यामा युवा बिदेसिन बाध्य छन्। दैनिक हजारौँ युवा वैदेशिक रोजगारीका लागि खाडी मुलुक, मलेसिया, कोरिया, जापान तथा अन्य देशतर्फ जाने गरेका छन्।

युवाशक्ति कुनै पनि राष्ट्रको विकासको प्रमुख आधार हो, तर नेपालमा योग्य र ऊर्जाशील जनशक्ति विदेश पलायन हुँदा देशभित्र उत्पादनशील क्षेत्र कमजोर बनेको छ। रेमिट्यान्सले अल्पकालीन रूपमा अर्थतन्त्र धाने पनि दीर्घकालीन विकासका लागि यो दिगो समाधान होइन।

यदि नेपालमै उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि तथा उद्यमशीलताको वातावरण सिर्जना गर्न सकिएको भए युवाहरू बिदेसिनुपर्ने अवस्था कम हुन सक्थ्यो, तर सरकारी नीतिगत कमजोरी तथा लगानीमैत्री वातावरणको अभावले रोजगार सिर्जना हुन सकेको छैन।

**कृषि क्षेत्रमा आधुनिकीकरणको अभाव :**

नेपाल कृषि प्रधान देश भए पनि कृषि क्षेत्र अझै परम्परागत प्रणालीमा आधारित छ। अधिकांश किसान सानो जमिन, सीमित प्रविधि तथा कमजोर बजार पहुँचका कारण व्यावसायिक कृषि गर्न सकिरहेका छैनन्।

सिँचाइ, मल, बीउ, कृषि प्रविधि तथा भण्डारण व्यवस्थाको अभावले उत्पादन क्षमता कम छ। कृषि उत्पादन पर्याप्त नहुँदा नेपालले ठुलो मात्रामा खाद्यान्न आयात गर्नुपरेको छ। कृषिलाई सम्मानजनक तथा लाभदायक पेसाको रूपमा विकास गर्न नसक्दा युवा पुस्ता यस क्षेत्रबाट टाढिँदै गएको छ।

यदि कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकीकरण तथा बजार व्यवस्थापन गर्न सकिएको भए नेपालले आत्मनिर्भरता हासिल गर्नुका साथै ठुलो आर्थिक प्रगति गर्न सक्थ्यो।

**औद्योगिक विकासको कमी :**

नेपालमा औद्योगिक विकास अत्यन्त कमजोर छ। उद्योग स्थापना गर्न आवश्यक पूर्वाधार, विद्युत्, यातायात, दक्ष जनशक्ति तथा नीतिगत स्थिरताको अभाव छ। धेरै उद्योग बन्द भएका छन् भने नयाँ उद्योगमा लगानी पनि अपेक्षित रूपमा बढ्न सकेको छैन।



उत्पादनमुखी अर्थतन्त्रको विकास हुन नसक्दा नेपाल आयातमा निर्भर बन्दै गएको छ। दैनिक उपभोगका वस्तुदेखि निर्माण सामग्रीसम्म विदेशबाट आयात गर्नुपर्ने अवस्था छ। यसले व्यापार घाटा बढाएको छ। औद्योगिक क्षेत्रको कमजोर अवस्थाले रोजगारी सिर्जना हुन नसक्नुका साथै राष्ट्रिय उत्पादन पनि घटेको छ। उद्योग, व्यापार तथा लगानीमैत्री वातावरण निर्माण नगरी देशको आर्थिक विकास सम्भव हुँदैन।

**पूर्वाधार विकासमा कमजोरी :**

सडक, पुल, विद्युत्, खानेपानी, सञ्चार तथा यातायात जस्ता पूर्वाधार विकासका आधारभूत तत्व हुन्। नेपालमा अझै पनि धेरै ग्रामीण क्षेत्र सडक, स्वास्थ्य सेवा तथा विद्युतको पहुँचबाट वञ्चित छन्। विकास आयोजना निर्माणमा ढिलासुस्ती, लागत वृद्धि तथा गुणस्तरहीन कार्यले पूर्वाधार क्षेत्र कमजोर बनेको छ। कतिपय आयोजना दशकौँसम्म सम्पन्न हुन सकेका छैनन्। यसले आर्थिक गतिविधि, व्यापार तथा लगानीलाई प्रत्यक्ष असर पारेको छ। भौगोलिक कठिनाइ नेपालका लागि चुनौती भए पनि प्रभावकारी योजना तथा प्रविधिको प्रयोगबाट पूर्वाधार विकास सम्भव थियो, तर कमजोर व्यवस्थापन तथा राजनीतिक हस्तक्षेपले अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

**प्राकृतिक स्रोतको उचित उपयोग हुन नसक्नु :**

नेपाल जलस्रोत, पर्यटन तथा जैविक विविधतामा धनी देश हो। विश्वकै दोस्रो ठुलो जलस्रोत सम्पन्न देश मानिने नेपालले जलविद्युत् क्षेत्रमा पर्याप्त प्रगति गर्न सकेको छैन। उत्पादन भएको विद्युत् पनि पूर्ण रूपमा उपयोग हुन सकेको छैन।

त्यस्तै, पर्यटन क्षेत्रमा अपार सम्भावना हुँदाहुँदै पनि पर्याप्त पूर्वाधार, प्रचार-प्रसार तथा व्यवस्थापनको कमीले अपेक्षित लाभ लिन सकिएको छैन।

**सामाजिक विभेद र असमानता :**

नेपालमा जातीय, लैङ्गिक, क्षेत्रीय तथा आर्थिक असमानता अझै पनि विद्यमान छ। समाजका सबै वर्ग र क्षेत्रले समान अवसर प्राप्त गर्न सकेका छैनन्। दुर्गम क्षेत्रका नागरिक शिक्षा, स्वास्थ्य तथा विकासका अवसरबाट अझै पछाडि छन्।

महिला, दलित, जनजाति तथा पिछडिएका समुदायहरूको सहभागिता सीमित हुँदा समावेशी विकासको लक्ष्य पूरा हुन सकेको छैन। जबसम्म विकासको प्रतिफल सबै नागरिकसम्म समान रूपमा पुग्दैन, तबसम्म राष्ट्रको समग्र विकास सम्भव हुँदैन।

**राष्ट्रिय सोच र दीर्घकालीन दृष्टिकोणको अभाव :**

नेपालमा दीर्घकालीन राष्ट्रिय विकास दृष्टिकोणको कमी देखिन्छ। सरकार परिवर्तनसँगै योजना तथा प्राथमिकता बदलिने प्रवृत्तिले निरन्तरता कायम हुन सकेको छैन। विकासलाई राजनीतिक मुद्दाभन्दा राष्ट्रिय अभियानका रूपमा लिन आवश्यक भए पनि व्यवहारमा त्यो देखिएको छैन।

विकासका लागि राष्ट्रिय एकता, साझा लक्ष्य तथा दिगो नीति आवश्यक हुन्छ, तर नेपालमा अल्पकालीन लोकप्रियता र राजनीतिक लाभलाई प्राथमिकता दिइने भएकाले दीर्घकालीन योजनाहरू प्रभावकारी बन्न सकेका छैनन्।

यसर्थ, नेपाल विकास हुन नसक्नुका कारणहरू राजनीतिक अस्थिरता, भ्रष्टाचार, कमजोर शिक्षा प्रणाली, बेरोजगारी, कृषि तथा औद्योगिक पिछडापन, कमजोर पूर्वाधार, प्राकृतिक स्रोतको अपर्याप्त उपयोग तथा सामाजिक असमानतासँग सम्बन्धित छन्। यद्यपि, नेपालसँग अझै पनि विकासका विशाल सम्भावना छन्।

यदि राजनीतिक स्थायित्व कायम गर्न सकियो, सुशासन र पारदर्शिता स्थापित गरियो, शिक्षा र उत्पादनलाई जोडियो, युवाशक्तिलाई देशभित्र अवसर प्रदान गरियो तथा प्राकृतिक स्रोतको वैज्ञानिक उपयोग गरियो भने नेपालले तीव्र विकास गर्न सक्छ। विकासका लागि सरकार मात्र होइन, नागरिक, निजी क्षेत्र, बुद्धिजीवी तथा सम्पूर्ण समाजको संयुक्त प्रयास आवश्यक हुनुपर्दछ। ( यो लख रातोपाटीडटकमबाट साभार गरिएको हो।)

(लेखक नेपाल प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेशका निवर्तमान उपाध्यक्ष हुन्।)

# सौदाबाजीमा ट्रम्पलाई हराउँदैछ इरान



गिडियन राकमन



'कुनै पनि सौदामा तपाईंले गर्नसक्ने सबैभन्दा नराम्रो गल्ती भनेको सौदा गर्न उत्ताउलो देखिनु हो। यसबाट अर्को पक्षले तपाईंको कमजोरी सुइँको पाउँछ। त्यसपछि तपाईंको हार निश्चित हुन्छ। तपाईंले गर्नसक्ने सबैभन्दा राम्रो काम भनेको शक्तिशाली हैसियतमा रहेर सौदा गर्नु हो। तपाईंको सबैभन्दा बलियो हतियार भनेको आफ्नो शक्तिको सही उपयोग हो।'

डोनाल्ड ट्रम्प (वा उनको गोस्टराइटर)ले १९८७ मा प्रकाशित द आर्ट अफ द डिल पुस्तकमा अघि सारेको सिद्धान्त हो। अप्रिल ५ मा सामाजिक सञ्जालमा गालीगलौजसहित हर्मुज जलमार्ग खोल्न, नभए इरानलाई नर्क बनाइदिने धम्की दिनुअघि उनले आफ्नै किताब एक पटक फेरि पढेको भए राम्रो हुने थियो।

किनकि उनको त्यो माग अत्यन्तै उत्ताउलो र हतास स्थितिको उपजजस्तो लाग्थ्यो। खासगरी इरानलाई नरकतुल्य बनाइदिने धम्की उनले पूरा गर्न नसकेको अवस्थामा।

तितो सत्य के हो भने इरानसँगको युद्ध अन्त्य गर्ने प्रयासमा भइरहेको वार्तामा तेहरानको हात प्रस्ट रूपमै माथि देखिन्छ। इरानले हर्मुज जलमार्ग बन्द गर्दा विश्व अर्थतन्त्रमा निकै चर्को दबाब पर्न गयो। अमेरिकामा जति पेट्रोलको भाउ बढ्यो, उति ट्रम्पप्रतिको समर्थन गिर्न पुग्यो। फलस्वरूप यो आलेख तयार पार्दासम्मको अवस्थामा अमेरिकाले गर्न लागेको सम्झौताले इरानलाई युद्धअघिको भन्दा अझ मजबुत स्थितिमा पुर्‍याउने अवस्था छ।

यो नयाँ सम्झौताअनुसार इरान बिनाकुनै शुल्क हर्मुज जलमार्ग खोल्न तयार देखिन्छ। बदलामा चरणबद्ध रूपमा उसले आर्थिक नाकाबन्दीबाट राहत प्राप्त गर्नेछ। जसमा रोक्का रहेको इरानको अर्बौं डलर सम्पत्ति फुकुवा पनि समावेश छ। इरानले आणविक कार्यक्रम रोक्न प्रतिबद्धता जनाउनेछ। तर, त्यसको विस्तृत विवरणबारे भविष्यमा छलफल हुँदै जानेछ। त्यस हिसाबले आणविक मुद्दा सल्टिसकेको छैन।

ट्रम्पले जोड दिएर भनेका छन्- मलाई हतार छैन, खराब सौदा स्वीकार्दिनँ। तर, अहिले हुन लागेको भनिएको सौदाबारे कट्टरपन्थी रिपब्लिकनहरूको प्रतिक्रियाले धेरैथोक खुलासा गर्छ।

सिनेटर टेड क्रुजले यो 'भयानक गल्ती' हुनसक्ने बताए। किनकि यसबाट इरान 'युरेनियम प्रशोधन गरेर आणविक हतियार निर्माण गर्न र हर्मुज जलमार्गमाथि प्रभावकारी नियन्त्रण कायम गर्न' सक्षम हुने उनको भनाइ छ। सिनेटर तथा सिनेटको सशस्त्र सेवा समितिका प्रमुख रोजर विकरले यो सौदाको मूल्य 'लेखिएको कागजजतिको पनि नहुने' चेतावनी दिएका छन्।

ट्रम्पलाई युद्धमा जान उल्क्याउने इजरायली सरकार सार्वजनिक रूपमा कुनै पनि सौदाबारे विनम्र रूपमा प्रस्तुत हुनेछ। किनकि बेन्यामिन नेतन्याहुले यो इरानमा सत्ता पल्टाउने सुनौलो मौका हो भनेर ट्रम्पलाई युद्धमा तानेका थिए।

तर, अहिले युद्ध अन्त्यको सँघारमा आइपुग्दा नेतन्याहुले इरानको सत्ता सबुत देखिरहेका छन्, जो पहिलेभन्दा ज्यादा विश्वस्त, पहिलेभन्दा ज्यादा कट्टर बनेको छ। आणविक हतियार कार्यक्रम पुनर्निर्माण गर्न तथा मध्यपूर्वभर आफ्ना छद्म शक्तिहरूको सञ्जाल विस्तार गर्न इरानसँग नयाँ वित्तीय स्रोत पनि हुनेछ।

नेतन्याहुको कार्यालयका पूर्वमहानिर्देशक एली ग्रोनरले इरानले अब जुनसुकै समय हर्मुज जलमार्ग बन्द गर्न सक्ने बताए। यो 'अहिलेसम्मका जुनसुकै सैन्य उपलब्धिभन्दा पनि ठूलो रणनीतिक विजय' भएको उनको भनाइ छ। एक शब्दमा उनको निष्कर्ष छ- 'बरबाद।'

इरानको खराब आर्थिक हालतमा सुधार गर्नुका साथै यो सम्झौताले क्षेत्रीय शक्ति सन्तुलन पनि इरानको पक्षमा ढल्काउने सम्भावना ज्यादा छ।

इजरायलका लागि पूर्व अमेरिकी राजदूत ड्यान सापिरोले एक्समा लेखेका छन्, 'हर्मुज जलमार्ग नियन्त्रण गरेर, आफ्ना छिमेकी मुलुकहरू र सो क्षेत्रमा रहेका अमेरिकी अखडाहरूमा आक्रमण गरी ठूलो क्षति पुर्‍यायो। अमेरिका र इजरायलको सबैभन्दा घातक आक्रमण पनि उसले झेल्यो र टिक्यो। यो सबै गरेर इरानले भविष्यका लागि निकै ठूलो लाभ प्राप्त गरेको छ।'

तैपनि सापिरोका अनुसार ट्रम्प यसरी फसेका छन् कि युद्ध जारी राख्नुभन्दा खराबै सही, सौदा स्वीकार गर्नु उनका लागि हितकर हुनेछ। ऊर्जा क्षेत्रमा देखिएको संकट र विश्वभर आउनसक्ने मन्दीलाई हेर्दा यो हिसाब सही नै हो। त्यसमाथि भियतनाम र अफगानिस्तानजस्ता युद्धहरूको स्मृति अमेरिकालाई ताजै छ। अमेरिकाले आफ्नो हारको अवस्था उल्ट्याउन खोज्दाखोज्दै ती युद्ध ज्यादै लामो समयसम्म चल्न पुगेका थिए।

आफूसँग कुनै गतिलो विकल्प नरहेपछि ट्रम्पले खराब नै भए पनि सौदा स्वीकार गर्नेछन्। सिनेटर विकरको प्रस्ताव छ, 'अमेरिकाको दक्ष सैन्य शक्तिलाई इरानको सैन्य क्षमता नष्ट गर्न दिऊँ अनि हर्मुज जलमार्ग खोलौँ।'

तर, सेना लगाएर जलमार्ग खोल्ने कोसिस गर्दा इरानी जमिनमा सैनिक उतार्नुपर्ने हुन्छ। त्यसको अर्थ ठूलो सैन्य क्षति स्वीकार्नु पर्ने हुन्छ। त्यसपछि पनि ड्रोन वा क्षेप्यास्त्रको मद्दतले इरानले सो जलमार्गमा खतरा उत्पन्न गरिराख्न सक्छ।

ट्रम्पले कहिलेकाहीँ इरानलाई नरकतुल्य बनाउने धम्की दिँदै आएका छन्। तर, त्यो धम्की खोक्रो लाग्छ। किनभने उनी स्थल युद्धमा सहभागी हुन चाहँदैनन्। त्यस्तै, खाडी मुलुकमाथि इरानले लिने बदला र तिनको ऊर्जा पूर्वाधारमा गर्न सक्ने आक्रमणका कारण उनी हिच्किचाइरहेका छन्। सैन्य विश्लेषकहरूले प्रयोग गर्ने शब्दमा भन्नुपर्दा खाडी मुलुकको कमजोरीले संकट वृद्धि गर्ने क्षमतामा इरानको प्रभुत्व स्थापित गरिदिएको छ।

ट्रम्प आफूलाई बारम्बार राष्ट्रपति बाराक ओबामासँग तुलना गरिरहन्छन्। २०१५ मा ओबामाले इरानसँग गरेको आणविक सम्झौताको मजाक उडाउन उनलाई मन पर्छ। ट्रम्पले भनेका छन्, 'त्यो सम्झौता सबैभन्दा खराबमध्ये एक र अमेरिकाले हालसम्म गरेकोमध्ये सबैभन्दा एकपक्षीय सौदा हो।'

उनको दाबी छ, 'यस्तो असक्षम तारिकाले वार्ता गरेर गरिएको कारोबार मैले आफ्नो जिन्दगीमा कहिल्यै, कहिल्यै, कहिल्यै देखेको थिइनँ।'

तर, यतिबेला ट्रम्प आफैँ एउटा यस्तो सम्झौताका लागि कुराकानी गरिरहेका छन्, जुन धेरै हिसाबले ओबामाले गरेको सम्झौताभन्दा खराब देखिन्छ। किनकि अब प्रस्ट भएको छ- इरानले चाह्यो भने जुनसुकै बेला हर्मुज जलमार्ग बन्द गरिदिन सक्छ। आफूलाई सौदाबाजीको राजा ठान्ने ट्रम्पको यो उपलब्धिलाई पनि ठूलो सफलता मानिदिनुपर्ने होला।

*(फाइनान्सियल टाइम्सबाट)*

# गणतन्त्रात्मक शासन प्रणालीको सफल कार्यान्वयनमा सबै प्रतिबद्ध हुनुपर्छ



*सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको सङ्घर्षमा प्रत्यक्ष सहभागी मध्ये एक हुनुहुन्छ-युवराज दुलाल । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सिन्धुपाल्चोक क्षेत्र नं २ बाट प्रत्यक्ष निर्वाचित दुलाल नेपाली कम्युनिस्ट पार्टी संसदीय दलको प्रमुख सचेतक समेत हुनुहुन्छ । देशभर विभिन्न कार्यक्रमका साथ गणतन्त्र दिवस मनाइँदैछ । प्रस्तुत छ, गणतन्त्र स्थापनाका लागि भएको सङ्घर्ष, जनअपेक्षा, संविधान संशोधन तथा युवाको भावना र चाहनाका सन्दर्भमा राष्ट्रिय समाचार समितिका समाचारदाताद्वय रमेश लम्साल र नवीन पौडेलले नेता दुलालसँग गरेको अन्तर्वार्ताको सम्पादित अंश :*

## युवराज दुलाल

प्रमुख सचेतक

**गणतन्त्र स्थापनाका लागि भएको संघर्षको एउटा योद्धाका रूपमा ती दिनलाई कसरी स्मरण गर्नुहुन्छ ?**

सबैभन्दा पहिला जतिबेला म गणतन्त्र प्राप्तिको सङ्घर्षमा लागेँ, नेपालमा एकात्मक राजतन्त्रात्मक व्यवस्था थियो र नागरिकका छोराछोरीले राज्यको प्रमुख हुन पाउने अवस्था थिएन । राजपरिवारमा जन्मिएकै आधारमा, वंशको आधारमा राज्यप्रमुख हुने एउटा पुरातनवादी व्यवस्था थियो । त्यसको विकल्पमा गणतन्त्र भनेको चाहीँ जनताले आफ्नो शासन आफैँले चलाउने र जनताको अधिकार सर्वोच्च अवस्थामा हुने एउटा व्यवस्था हो र यो व्यवस्था नेपालको लागि उपयुक्त हुन्छ भन्ने उद्देश्यका साथ म गणतन्त्र प्राप्तिको आन्दोलनमा लागेँ । खासगरी २०५२ सालबाट सुरु भएको सशस्त्र सङ्घर्षमा सहभागी भएँ । यो उपलब्धि प्राप्तिका लागि धेरै नै कठिन सङ्घर्षहरू गर्‍यौँ । गणतन्त्र कहिले प्राप्त हुन्छ, यो युद्धका कतिबेला गएर टुङ्गिएला भन्ने अन्योलताका बीचमा हामी अगाडि बढ्थ्यौँ । जनताको मुक्तिको लागि भनेर राज्य व्यवस्था परिवर्तनको एउटा लामो यात्रा हामीले तय गरेका थियौँ । दश वर्षपछि परिस्थितिले जनयुद्ध र जनआन्दोलन समायोजन गरेर एउटा निष्कर्षमा पुग्नुपर्ने अवस्था आयो । हामीले त्यसलाई स्वीकार गरेर अगाडि बढ्यौँ । एकात्मक व्यवस्थाको अन्त्य र गणतन्त्रात्मक व्यवस्थाको स्थापना गर्न हामी सफल भयौँ । मलाई आफ्नो इतिहास, आफूले खेलेको भूमिकाप्रति गर्व छ । ती दिनहरू स्मरण गर्दा साँच्चै कहालीलाग्दा थिए । नेपाली जनताको रगत, पसिना सबै बगेको छ । यो व्यवस्था जनताको लागि समुन्नतिका लागि, जीवनस्तर सुधारका लागि होस् भन्ने अभिप्रायका साथ त्यो सङ्घर्ष भएको थियो ।

गणतन्त्र स्थापनाको विषय राजनीतिक परिवर्तनको माग थियो कि समग्रमा सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवर्तनको अपेक्षा थियो ? तपाईंले आज कसरी स्मरण गर्नुहुन्छ ?

गणतन्त्र स्थापनाका राजनीतिक र सामाजिक दुवै उद्देश्य थियो । व्यवस्था परिवर्तन भएपछि जनताले आफ्नो अवस्था सुधार गर्नका लागि आफ्ना प्रतिनिधिमार्फत सरकार निर्माण गर्ने, कानुन निर्माण गर्नुपर्ने थियो । तीव्र गतिमा जनताको जीवनस्तर परिवर्तन गर्ने र हामीले खोजेको गणतन्त्रमा समतामूलक समाज निर्माण गर्ने भन्ने थियो । धनी र गरिबबीचको खाडल कम होस्, राष्ट्रिय उद्योगधन्दा, कलकारखानाको विकास होस्, रोजगारी सिर्जना होस्, सामाजिक न्याय स्थापित होस्, शिक्षा, स्वास्थ्य जस्ता अधिकार जनताको पहुँचभित्र होस् भन्ने परिकल्पना हाम्रो थियो । हामीले जुन उद्देश्यले राजनीतिक व्यवस्था परिवर्तन गरेर जनताको अवस्था परिवर्तन गर्ने उद्देश्य राखेका थियौँ । त्यो पूरा भयो ।

राजनीतिक व्यवस्था परिवर्तन भएको छ । हामीले केही सम्झौता गर्‍यौँ । हामीले भनेकै जस्तो मात्रै पनि भएको छैन । अरू राजनीतिक दलको पनि सहमतिको आधारमा हामी लोकतान्त्रिक गणतन्त्रमा आएका छौँ । जहाँसम्म देश र जनताको अवस्था जुनस्तरमा परिवर्तन गर्नुपर्ने थियो, हामीले त्यो अपेक्षित स्तर प्राप्त गर्न सकेका छैनौँ । तीव्र गतिले नेपालको आर्थिक, सामाजिक विकास तथा जनता र राष्ट्रको जीवनस्तर वृद्धि हुनुपर्थ्यो, नेपाल यतिबेलै एउटा विकासशील राष्ट्रमा अगाडि बढिसक्नु पर्दथ्यो । त्यो अपेक्षा विस्तारै पूरा हुने दिशामा अगाडि बढिराखेको छ । जनताका अधिकार स्थापित गर्न हामीले धेरै हदसम्म सफलता प्राप्त गर्‍यौँ तर व्यावहारिक हिसाबले जनताले प्रत्याभूत गर्ने गरी अपेक्षा अझै पूरा हुन सकेको छैन ।

कुनै पनि व्यवस्था परिवर्तन भइसकेपछि त्यसको दिगोपनका लागि आर्थिक र भौतिक प्रगति हुनुपर्ने थियो । त्यसो नहुनुका पछाडि के कस्ता कारण रहे भन्ने ठान्नुहुन्छ ? कमजोरी कहाँ भयो भन्ने लाग्छ ?

समाजमा आर्थिक विषमता भइराख्यो भने वर्ग सङ्घर्ष हुन्छ । धनी र गरिबबीचको खाडल बढ्दै गयो भने त्यहीँ विद्रोह सुरु हुन्छ । त्यसमा राज्यले लिने नीतिमा भरपर्छ । हाम्रो संविधानमा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने भनिएको छ । यसअघिका सबै सरकारले त्यसकै मार्गदर्शनमा नीति, कार्यक्रम र बजेट निर्माण गर्दै आइरहेका थिए । अहिले फागुन २१ गतेपछि बनेको सरकारले समाजवाद उन्मुख भन्ने संविधानको प्रस्तावनामा रहेको मर्मलाई उल्लेख नगरी नीति, कार्यक्रम आएको छ । विगतका नीति, कार्यक्रमले कहीँ न कहीँ समतामूलक समाज एवम् समाजवाद उन्मुख समाजलाई बढी प्राथमिकता दिएको थियो । अहिलेको नीति, कार्यक्रमले आर्थिक उदारीकरणलाई र पुँजीवादीकरणलाई चाहीँ बढी प्राथमिकता दिएको देखिन्छ ।

**गणतन्त्र स्थापनापछि प्राप्त भएको उपलब्धिमा टेकेर आगामी दिनमा कसरी अगाडि बढ्नुपर्ला र गणतन्त्रलाई थप समृद्ध बनाउन के गर्नुपर्ला ?**

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सफल कार्यान्वयन गर्न सबै राज्यका निकाय, राजनीतिक शक्ति सबै प्रतिबद्ध हुनुपर्छ, इमान्दार हुनुपर्छ । यो व्यवस्थालाई सफल बनाउन सन्तुलित विकास, स्वस्थ प्रतिस्पर्धा, समन्वय, सहकार्य गर्नुपर्छ । जुन हामीले संविधानमा व्यवस्था गरेका छौँ । संविधानको हुबहु कार्यान्वयन र समय सापेक्षित महत्वपूर्ण संशोधन पनि अहिलेको आवश्यकता हो । राजनीतिक स्थायित्व कायम राख्न संविधानमा केही महत्वपूर्ण संशोधनहरू जरुरी छ । जुन समयले माग गरेको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने शासन प्रणाली बनाउने र निर्वाचन प्रणालीमा सुधार गर्न जरुरी छ । चुनाव खर्चिलो, भड्किलो छ र सक्नेले जित्ने भन्ने खालको छ । इमान्दार राजनीतिक व्यक्तिले जित्ने भन्दा पनि सक्नेले जित्ने निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ ।

हामीले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ भनेका छौँ । विज्ञ सहभागी सानो मन्त्रिपरिषद् बनाउनुपर्छ । यस्ता कुराहरूमा संविधान संशोधन गर्नुपर्छ । अन्य कुरामा संविधानले व्यवस्था गरेको तीन तहको अधिकार आ-आफ्नो क्षेत्राधिकारभित्र रहेर इमान्दार भएर कार्यान्वयन गर्ने हो भने यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र थप सबल हुन्छ । सबै क्षेत्र, वर्ग, जाति, समुदायलाई सन्तुलित हिसाबले स्वस्थ प्रतिस्पर्धात्मक वातावरणमा राज्यका स्रोत र साधनको समान न्यायिक वितरणमार्फत समुचित प्रयोग गरेर छिट्टै त्यसलाई समृद्ध बनाउनका लागि योगदान गर्नसक्ने पर्याप्त राजनीतिक कानुनी आधार निर्माण भइसकेको छ ।

**संघीयता कार्यान्वयनका सन्दर्भमा मानिसहरूले प्रश्न उठाइरहेका छन्, यो बोझिलो भयो, खर्चिलो भयो । तपाईंको विचारमा कमजोरी कहा। भयो भन्ने लाग्छ ?**

मुख्य कमजोरी मानसिकतामा हो, अरू सहायक कुरा हो । प्रभावकारी कार्यान्वयन गर्ने कि नगर्ने भन्नेमा हिच्किचाहट छ । केन्द्रीय सरकारले आफूले प्रयोग गर्दै आएका अधिकार स्थानीय र प्रदेश तहमा जुन संविधानले विन्यास गरेको छ, त्यसलाई लागू गर्नमा अनिच्छा देखाएको छ । सोही कारण सङ्घीयता प्रभावकारी ढङ्गले कार्यान्वयन हुन सकेको छैन । प्रदेशहरू जटिल भयो अथवा बोझिलो भयो भने कुरा मिथ्या हो । हाम्रो ‘सिस्टम’मा कर्मचारी संरचना करिबकरिब उस्तैउस्तै छ । धेरै ठूलो त्यसमा फेरबदल आएको छैन । प्रदेश सभाका सदस्य र मन्त्रीको निश्चित सङ्ख्याले राज्यलाई थोरै आर्थिक भार त हुन्छ । सन्तुलित विकासको लागि र जनताको सहभागितामूलक लोकतन्त्रको लागि त्यो जरुरी छ र त्यसलाई पनि सुदृढ गर्न सकिन्छ ।

प्रदेशमा हुने मन्त्रिपषिद्को सङ्ख्या संविधानमा यकिन गर्न सकिन्छ । सङ्घ र प्रदेश दुवैमा सांसदको संख्या घटाउन सकिन्छ । खर्च घटाउने विविध उपायहरु छन् । सङ्घमा पनि विगतमा २०५ जनाको संसद्ले चलेको थियो । अहिले २७५ जनाको छ, त्यसलाई घटाउन सकिन्छ । प्रशासनिक सुधार आयोगले ११ देखि १५ मन्त्रालय सिफारिस गरेको थियो । अहिले फेरि १८ वटा अभ्यासमा आएको छ । त्यसलाई घटाउन सकिन्छ । अधिकार बाँडफाँट गरिसकेपछि सबै सरकार आफ्नो कार्यक्षेत्रभित्र रहेर काम गर्दा कर्मचारी ङ्ख्या पनि घटाउन सकिन्छ । तीनवटै तहमा राजनीतिक पदाधिकारीको संख्या घटाउन सकिन्छ । जिल्ला समन्वय समितिलाई घटाउन सकिन्छ । प्रदेशलाई मात्रै प्रहार गरेर सङ्घीय राज्यमा केही पनि प्राप्त हुँदैन । प्रदेशबिना सङ्घीयता पूर्ण हुँदैन । त्यो देश त एकात्मकता भइहाल्यो । त्यसकारणले हामी गलत बहस गरिराख्या छौँ । अहिलेको सूचना प्रविधिको अधिकतम प्रयोग गरेर जाने हो भने यो चालु खर्चलाई एकैचोटी ५० प्रतिशतमा झार्न सकिन्छ ।

**गणतन्त्र घोषणा भएको यो अवस्थासम्म आइपुग्दासम्म महत्वपूर्ण राजनीतिक, सामाजिक र आर्थिक उपलब्धि भएका छन् तर नागरिक तहमा असन्तुष्टि देखियो र गत भदौमा युवा विद्रोह पनि भयो । युवा पुस्ताले आँनो माग कहीा कतै सम्बोधन नभएको जस्तो ठान्यो । यो अवस्थामा अब कसरी अगाडि बढ् नुपर्छ ?**

नागरिकमा व्यापक असन्तुष्टि पैदा हुनुको पहिलो कारण राजनीतिक अस्थिरता हो । छोटो समयमा सरकार परिवर्तन भइरहँदा असन्तुष्टि बढ्यो । दोस्रो, देशमा मौलाएको विकृति, विसङ्गति र बढ्दो भ्रष्टाचार हो । तेस्रो, सेवा प्रवाहमा भएको बेथिति हो । यी कारणले देशमा व्यवसाय गर्नेलाई पनि राम्रो वातावरणको अनुभूति भएन, रोजगार गर्नेहरूलाई पनि सन्तुष्टि प्राप्त भएन । सेवाग्राहीलाई सन्तुष्टि भएन ।

शिक्षा, स्वास्थ्यमा पनि त्यस्तै भयो । निःशुल्क रूपमा प्राप्त गर्नुपर्ने सेवामा पनि ‘भनसुन’ गर्नुपर्ने, पहुँच चाहिने खालको जुन अवस्था देशमा विद्यमान रह्यो, त्यसले वितृष्णा पैदा भयो ।

अब यति कुराहरूलाई सुधारेर हामी गयौँ भने नागरिकमा सन्तुष्टिको प्रत्याभूति दिन सकिन्छ । त्यसका लागि राजनीतिक स्थायित्व र सुशासन कायम राख्नुपर्छ । उद्योगधन्दा कलकारखानाको विकास गरेर रोजगारी सिर्जना गर्नुपर्छ । सेवा प्रवाहमा चुस्तता कायम गरेर झन्झटिलो प्रणालीलाई अन्त्य गर्दै अहिलेको सूचना प्रविधिको अधिकतम् प्रयोग गर्नुपर्छ । ‘डिजिटलाइजेसन’मा प्रवेश गर्‍यौँ भने एकैचोटी असन्तुष्टिको युगबाट जनताले सन्तुष्टि प्राप्त गर्ने अवस्थामा प्रवेश गर्न सकिन्छ । अबको हाम्रो कार्यभार त्यही नै हो । आर्थिक समृद्धि हासिल, नागरिकलाई सेवा सुविधा र जीवनस्तर परिवर्तनलाई राष्ट्रिय चासोको विषय बनाउनुपर्छ ।

**गणतन्त्र स्थापनाका लागि शहादत प्राप्त गरेका, घाइते भएका, बेपत्ता भएका र यो वा त्यो रूपमा योगदान गर्ने आम समुदायलाई तपाईं आज कसरी स्मरण गर्नुहुन्छ ?**

गणतन्त्र प्राप्तिको लागि आफ्नो जीवन आहुति दिने सम्पूर्ण ज्ञात/अज्ञात शहीदप्रति म सम्मान व्यक्त गर्न चाहन्छु र उहाँहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । यो यात्रामा आफू घाइते भई अपाङ्गता हुनुभएका योद्धाहरु, शहीद परिवारप्रति म उच्च सम्मान व्यक्त गर्दछु । यो आन्दोलनमा आफ्नो पसिना बगाउने, जेल नेलको कष्टप्रद यात्रा गर्ने नेपाली नागरिकप्रति मेरो सम्मान छ । उहाँहरूको यो ऐतिहासिक योगदानलाई पनि म सम्मान गर्न चाहन्छु । जुन उद्देश्यका लागि लडेका थियौँ, हामी निरन्तर रूपमा त्यसमा प्रतिबद्ध भएर लागेका छौँ । त्यो लक्ष्य पूरा गर्न आफ्नो लक्ष्यबाट विचलित नभई निरन्तर रूपमा राष्ट्र सेवामा लाग्ने प्रतिबद्धता पनि म व्यक्त गर्न चाहन्छु ।

**मुलुकलाई थप समृद्ध बनाउन आजको युवा पुस्तालाई आह्वान गर्नुहुन्छ ?**

हरेक सङ्घर्षका सकारात्मक र नकारात्मक पक्ष हुन्छन् । हाम्रो राजनीतिक व्यवस्था हिजो कस्तो थियो ? २०५२ सालभन्दा अगाडिको नेपालको अवस्था के थियो ? किन त्यो बेलामा त्यस्तो सङ्घर्ष गर्नुपर्‍यो होला भन्ने कुराको इतिहासको खोज गरेर अध्ययन गर्नको लागि म आह्वान गर्न चाहन्छु । इतिहासबिना वर्तमान हुँदैन, आज हामीले प्राप्त गरेको अधिकार विगतमा कसैले सङ्घर्ष नगरिदिएको भए आजको परिवर्तन सम्भव थिएन । आजका कमीकमजोरी मात्रै नहेरेर इतिहासमा भएका सङ्घर्षका कारण र त्यसबाट प्राप्त भएका उपलब्धिलाई रक्षा गर्नुपर्छ । त्यसको पछाडिको कारण र पृष्ठभूमि तथा इतिहासको अध्ययन गर्न म सबै नवयुवा साथीलाई अनुरोध गर्न चाहन्छु । इतिहासको सही मूल्याङ्कन गरिएन भने पछुताउनुपर्ने समय पनि आउन सक्छ । हामीले इतिहासका योगदानहरूको वस्तुपरक मूल्याङ्कन गर्नुपर्छ ।

**ठूलो संघर्ष र बलिदानबाट प्राप्त गणतन्त्रलाई अझै अर्थपूर्ण सुदृढ बनाउन राजनीतिक दल, नागरिक समाज र सरोकारवालाहरूले के गर्नुपर्छ ?**

यो धेरै नै महत्वपूर्ण विषय हो । पहिलो हामी नागरिक आफ्नो राष्ट्रप्रति, राज्यप्रति समर्पित हुनुपर्छ । हामीमा राष्ट्रिय एकताको भावना चाहिन्छ । आफ्नो व्यवस्थाप्रति इमान्दार र प्रतिबद्ध हुनुपर्छ । जुन व्यवस्था अहिले हामीले अङ्गालेका छौँ, त्यो व्यवस्थाप्रति इमान्दार र प्रतिबद्ध नभई व्यवस्थाको सफलता कहिल्यै पनि हुँदैन । व्यवस्था आफैँमा खराब हुँदैन । त्यसलाई कार्यान्वयन गर्ने कुरामा हाम्रो धेरै हदसम्म भूमिका रहन्छ । त्यसैले सङ्घर्ष गरेर हामीले जुन उपलब्धि प्राप्त गरिसकेका छौँ, यसको सफल कार्यान्वयनमा जानु नै राष्ट्रहितमा हुन्छ । यही कुरा म सबैलाई आह्वान गर्न चाहन्छु । रासस

## उपराष्ट्रपतिसँग चिनियाँ राजदूतको भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङबीचले बुधबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गर्नुभएको छ ।

त्यस अवसरमा उहाँहरूबीच शान्तिपूर्ण सहअस्तित्व, आपसी सम्मान र दीर्घकालीन मैत्रीमा आधारित नेपाल-चीन सम्बन्ध, आर्थिक सहयोग तथा भावी सहकार्यका विषयमा विचारविमर्श भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

उपराष्ट्रपति यादवले बितेका चार दशकमा चीनले हासिल गरेको प्रगतिको सराहना गर्दै दुई देशबीच व्यापार, पर्यटन, पूर्वाधार, ऊर्जा र प्रविधि हस्तान्तरणमा चिनियाँ साझेदारी आवश्यक भएकामा जोड दिनुभयो ।

राजदूत चाङ माओमिङले चीन र नेपालबीचको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउन आफू प्रतिबद्ध रहेको बताउनुभयो । नेपालसँगको सम्बन्धलाई चीनले उच्च प्राथमिकता दिएको चर्चा गर्दै उहाँले दुवै देशका जनताको समृद्धिका निम्ति आफू क्रियाशील रहने बताउनुभयो । रासस

## एनआरएनए कानुनको मस्यौदामाथि छलफल हुन्छ : परराष्ट्रमन्त्री



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले हाल छलफलका लागि सार्वजनिक गरिएको गैरआवासीयनेपालीसम्बन्धी विधेयकको मस्यौदमा सबै सरोकार भएका निकायका प्रतिनिधिसँग व्यापक छलफल हुने बताएका छन् ।

एशोसिएशन अफ नेपाली ओरिजिन (एएनओ) केन्द्रीय समितिका तर्फबाट उपाध्यक्ष वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त नेतृत्वको प्रतिनिधिमण्डलसँग बिहीबार मन्त्रालयमा भएको भेटमा उनले हाल सार्वजनिक भएको मस्यौदा एकप्रकारले ‘शून्य ड्राफ्ट’ भएको जानकारी दिँदै त्यसमा सबै पक्षसँग बृहत् छलफल गरेर मात्र संसद्मा पेस हुने बताए ।

एएनओले ऐनको सार्वजनिक मस्यौदाका कतिपय बुँदा अव्यावहारिक रहेका र विदेशिएका नेपालीलाई नेपालसँग जोड्नका लागि पर्याप्त नरहेको भन्दै मन्त्री खनालको ध्यानाकर्षण गराएको थियो । एएनओको ध्यानाकर्षणपत्र ग्रहण गर्दै मन्त्री खनालले यो विधेयकका सम्बन्धमा आफूले प्रश्नावली तयार गरेको बताउँदै संसद्मा पेस गर्नुअघि यस विषयमा सरोकार भएकाहरूसबैसँग रायसुझाव लिइने आश्वासन दिए ।

त्यस अवसरमा उपाध्यक्ष पन्तले उक्त प्रस्तावित कानुनले नेपाली पन र नेपाली मनलाई नेपालसँग दीर्घकालसम्म सेतुका रुपमा जोड्न सक्नुपर्ने धारणा राखेका थिए। उक्त पत्रमा नेपाली उत्पत्तिका व्यक्तिसम्बन्धी परिभाषामा संशोधनको आवश्यकता रहेको, तीनपुस्ताभित्र र त्यस बाहिरका पुस्ताका विदेशिएका नेपालीलाई सम्बोधन गर्न मस्यौदामा व्यापक छलफल र परिमार्जनको आवश्यकता रहेको उल्लेख छ ।

प्रतिनिधिमण्डलमा एएनओका महासचिव चूडामणि भट्टराई, बोर्ड अफ ट्रस्टी सदस्य बाबुकृष्ण कार्की, एएनओ नेपालका अध्यक्ष कृष्णप्रसाद सापकोटालगायत थिए । रासस

## कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा उपसमिति गठन



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले पार्टीको नीति निर्माण र अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन सात विषयगत विभिन्न उपसमिति गठन गरेको छ ।

बिहीबारसम्पन्न प्रतिष्ठानको बैठकले अर्थतन्त्र, जलवायु परिवर्तन, युवा मुद्दा, बाल अधिकार र श्रमिकका समस्या जस्ता महत्वपूर्ण क्षेत्रमा केन्द्रित रहेर उपसमितिहरू तय गरेको हो । प्रतिष्ठानका प्रमुख एवं पार्टी उपसभापति विश्वप्रकाश शर्माको सभापतित्वमा भएको बैठकमा पार्टी सभापति गगन थापा पनि उपस्थित थिए ।

बैठकले विभिन्न विधाका विज्ञ र प्रभावशाली नेताहरूलाई उपसमितिको संयोजक तोकेको छ ।

पार्टीको नीति, दृष्टि र योजना उपसमितिको जिम्मेवारी राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा.डा.गोविन्दराज पोखरेललाई दिइएको छ । यो उपसमितिले निजी क्षेत्र, सेयर बजार, बीमा, सहकारी र समग्र वित्तीय क्षेत्रको अध्ययन गर्नेछ ।


चलचित्र निर्देशक मीनबहादुर भामलाई ‘नवयुवा भावना, मुद्दा र अन्तरपुस्ता संवाद तथा समन्वय उपसमिति’ को संयोजक चयन गरिएको छ । भामले जेन-जीदेखि नागरिक समाजको प्रबुद्ध तहसम्म संवाद र समन्वयको नेतृत्व गर्नेछन् ।

जलवायु परिवर्तन सचेतना उपसमितिको संयोजक रोशनी गिरी, अनौपचारिक क्षेत्रका श्रमिक उपसमितिको संयोजक महेन्द्र यादव, बाल अधिकार उपसमितिको संयोजक उमंग लोहनी, सार्वजनिक सेवा प्रवाह समिति संयोजक गोपालप्रसाद पोखरेललाई तोकिएको छ ।

गैर सरकारी संस्था नीति संवाद र समन्वय उपसमितिको संयोजकमा अञ्जु झालाई तोकिएको छ। बैठकमा प्रतिष्ठानका उपप्रमुख मधु आचार्यले आन्तरिक आचारसंहिता सम्बन्धी प्रस्ताव पेश गरेका थिए ।

यसअघि चयन भएका ६ जना संयोजकहरूले आफ्नो अवधारणा प्रस्तुत गरेको यस बैठकमा नयाँ नियुक्त संयोजकहरूलाई आगामी चौथो बैठकमा आफ्नो प्रारम्भिक अवधारणा र कार्ययोजना पेश गर्न निर्देशनसमेत दिइएको छ ।

## त्याग र भाइचाराको पर्व बकर ईदले सामाजिक सद्भाव बलियो बनाउँछः प्रचण्ड



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले मुस्लिम समुदायको महान् चाड बकर ईद (ईद-उल-अधा) को अवसरमा देश तथा विदेशमा रहेका सम्पूर्ण मुस्लिम दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

चाडको पावन अवसरमा एक शुभकामना सन्देश जारी गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले बकर ईद त्याग, सद्भाव, मानवता र आपसी भाइचाराको प्रतीक रहेको उल्लेख गर्दै यसले समाजमा सकारात्मक ऊर्जा सञ्चार गर्ने विश्वास व्यक्त गरेका छन् ।

आफ्नो सन्देशमा प्रचण्डले विविधतायुक्त नेपाली समाजको सुन्दरता नै आपसी सद्भाव र एकता रहेको कुरामा जोड दिएका छन्। उनले त्याग र समर्पणको सन्देश दिने यस महान् पर्वले समग्र नेपाली समाजमा धार्मिक सहिष्णुता, आपसी एकता र सामाजिक सद्भावलाई अझ बढी बलियो र सुदृढ बनाउन महत्वपूर्ण प्रेरणा प्रदान गरोस् भन्ने कामना समेत गरे ।

# केन्याको विद्यालय आगलागीमा मृत्यु हुनेको संख्या १६ पुग्यो

रासस/एएफपी। केन्याको उत्तरपश्चिम क्षेत्रमा रहेको एक विद्यालयमा भएको भीषण आगलागीमा मृत्यु हुनेको संख्या १६ पुगेको छ। उपचारका क्रममा थप ६ विद्यार्थीको मृत्यु भएपछि मृतक संख्या बढेको प्रहरीले बिहीबार पुष्टि गरेको हो।

यो घटना नकुरु काउन्टीको गिलगिल क्षेत्रमा रहेको उतुमिशी गर्ल्स एकेडेमीको छात्रावासमा स्थानीय समयअनुसार बिहीबार बिहान करिब १ बजे भएको हो। आगलागी हुँदा अधिकांश विद्यार्थी छात्रावासमा सुतिरहेका थिए। प्रारम्भिक घटनामा १० जनाको मृत्यु भएको थियो भने पछि गम्भीर घाइतेमध्ये थप ६ जनाले ज्यान गुमाएका हुन्।

प्रहरीका अनुसार आगलागीपछि छात्रावासमा अफरातफरी मच्चिएको थियो। उद्धार टोली, स्थानीय बासिन्दा र सुरक्षाकर्मीले तत्काल उद्धार अभियान सञ्चालन गरेका थिए। घटनास्थलबाट धेरै विद्यार्थीलाई बाहिर निकालेर विभिन्न अस्पतालमा पुऱ्याइएको थियो।

हाल ७० भन्दा बढी विद्यार्थी विभिन्न अस्पतालमा उपचाररत रहेका छन्। घाइतेमध्ये कतिपयको शरीरमा गम्भीर जलन भएको बताइएको छ। प्रहरी प्रतिवेदनअनुसार अधिकांश घाइतेको अवस्था स्थिर रहे पनि केहीको अवस्था अझै चिन्ताजनक रहेको छ।

विद्यालय प्रशासनले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना जनाएको छ। घटनापछि अभिभावक र स्थानीय बासिन्दा विद्यालय परिसरमा जम्मा भएका थिए।

प्रहरी र अग्नि अनुसन्धान टोलीले आगलागीको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरेका छन्। प्रारम्भिक अनुसन्धानमा विद्युत् सर्ट सर्किट वा अन्य प्राविधिक कारण हुन सक्ने अनुमान गरिएको भए पनि आधिकारिक कारण सार्वजनिक गरिएको छैन।

केन्यामा पछिल्ला वर्षहरूमा विद्यालय छात्रावासमा आगलागीका घटना दोहोरिँदै आएका छन्। कमजोर सुरक्षा व्यवस्था, आपतकालीन निकासको अभाव र भीडभाडयुक्त छात्रावासलाई यस्ता दुर्घटनाको मुख्य कारण मानिने गरिएको छ।

# युवा बेरोजगारी बढेपछि बेलायतमा 'मोहभङ्ग र दिशाहीनता' को जोखिम



रासस/एएफपी । बेलायतमा रोजगारी, शिक्षा र तालिमबाट बाहिर रहेका युवाहरूको सङ्ख्या १० लाख नजिकै पुगेको र यहाँ यसवाहरूबीच 'मोहभङ्ग र दिशाहीनता' को जोखिम बढेको छ।

समस्या समाधानका लागि कुनै पहल नगरिएमा सन् २०३१ सम्ममा रोजगारी, शिक्षा वा तालिममा नजाने १६ देखि २४ वर्ष उमेर समूहका युवाको सङ्ख्या १२ लाख ५० हजार अर्थात् हरेक छ युवामध्ये एक जनामा यो समस्या रहने हालै सार्वजनिक प्रतिवेदनले चेतावनी दिएको छ।

प्रधानमन्त्री केइर स्टार्मरले गत वर्ष बढ्दो युवा बेरोजगारीको कारण बुझ्नको लागि समीक्षा गर्नुभएको छ।

"हामी 'लस्ट जेनेरेसन'को पुस्ताको जोखिममा छौँ," समीक्षाको नेतृत्व गर्ने लेबर पार्टीका पूर्व क्याबिनेट मन्त्री एलन मिलबर्नले बिहीबार रिपोर्ट प्रस्तुत गर्नुअघि भन्नुभयो।

उहाँले भन्नुभयो, "यो युवाहरूको असफलता होइन। यो विगतमा अड्किएको व्यवस्थाको असफलता हो।"

रिपोर्ट अनुसार बेलायतका युवाहरू 'रोजगारीको अवसरको सिढीको पहिलो खुड्किलो' मा पुग्न सङ्घर्ष गरिरहेका छन् र १२ लाख ५० हजार बेरोजगार युवामध्ये ८४ प्रतिशत युवाले जागिर वा प्रशिक्षणमा जोडिन चाहन्छन्।

रिपोर्टमा भनिएको छ, "यो आतिथ्य रोजगारी, सप्ताहन्तको रोजगार र उद्यमजस्ता प्रवेश-स्तरको भूमिकाहरूमा 'तीव्र गिरावट' को परिणाम हो।"

"चाहे त्यो शिक्षा होस् वा स्वास्थ्य वा कल्याण, त्यो प्रणालीले श्रम बजारमा उनीहरूको सहभागिता सक्षम गर्न असफल हुन्छ," मिलबर्नले भन्नुभयो।

प्रस्तावित समाधानहरू वर्षको अन्त्यमा विस्तृत रूपमा तय गरिएको छ।

"मिलबर्न समीक्षामा पहिचान गरिएका मुद्दाहरू लामो समयदेखि व्यवसायहरूले रिपोर्ट गरेका छन्," ब्रिटिश चेम्बर्स अफ कमर्सका महानिर्देशक शेभन ह्याभिल्यान्डले भन्नुभयो।

उहाँले भन्नुभयो, "यो रिपोर्ट रोजगारी, शिक्षा र प्रशिक्षणमा नभएका युवाहरूको सङ्कटको बारेमा नीति निर्माताहरूका लागि चेतावनीको हुनुपर्छ।"

# फिफाले 'बहुप्रवेशी भिसा' उपलब्ध गराउनेमा इरान आशावादी




रासस/एएफपी । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले सन् २०२६ को विश्वकपअघि इरानको राष्ट्रिय टोली (फिफा) का लागि बहुप्रवेशी भिसाको व्यवस्था गर्ने अपेक्षा इरानको फुटबल महासङ्घले गरेको छ।

फिफाका अध्यक्ष मेहदी ताजले भन्नुभयो, "फिफाले 'मल्टिपल इन्ट्री (बहुप्रवेशी)' भिसा दिने अपेक्षा गरिएको छ ताकि खेलाडीहरू अमेरिका प्रवेश गर्न र मेक्सिको फर्कन सकून्।"

'टिम मेली' को रूपमा चिनिने इरानी टोलीले सुरुमा प्रतियोगिताको क्रममा एरिजोनाको टक्सनमा रहने योजना बनाएको थियो तर पछि यसको प्रशिक्षण शिविर मेक्सिकोको तिजुआनामा सारिएको छ। यसले अमेरिका र क्यानडासँगै विश्वकपको सह-आयोजना गर्नेछ।

अमेरिकी भिसासँग सम्बन्धित जटिलताहरूबाट बच्न र इरान एयरको उडानमा सिधै मेक्सिको यात्रा गर्न अनुमति दिनका लागि यो कदम चालिएको ताजले यसअघि बताउनुभएको थियो।

इरानले समूह 'जी' का सबै तीन खेल अमेरिकामा खेल्नेछ।

उहाँले भन्नुभयो, "अब मेक्सिको जाने निश्चित भएको छ। टोली तयारी गरिरहेको छ।"

फेब्रुअरी २८ मा इरानविरुद्ध अमेरिका-इजरायलले गरेको बमबारी अभियानपछि सुरु भएको मध्यपूर्व युद्धको पृष्ठभूमिमा विश्वकपमा इरानको सहभागिता महिनौँदेखि अनिश्चित थियो।

टोलीले विश्वकपको आफ्नो पहिलो खेल जुन १५ मा लस एन्जलसमा न्यूजिल्याण्डसँग खेल्नेछ भने समूह चरणमा बेल्जियमसँग सोही शहरमा र इजिप्टसँग सियाटलमा खेल्नेछ।

बिहीबार ताजले इरानका प्रसिद्ध स्ट्राइकरलाई सङ्केत गर्दै 'सरदार अजमुनको अवस्थाबारे आफूलाई जानकारी नभएको बताउनुभएको थियो'। टोलीका व्यवस्थापकले तयार पारेको प्रारम्भिक टोलीको सूचीबाट उहाँलाई हटाइएको बताउनुभएको थियो।

बायर लेभरकुसेन र एएस रोमाबाट खेलिसकेका अज्मौनले यसअघि पनि सरकार विरोधी प्रदर्शनको समर्थन गर्नुभएको थियो।

उहाँले इरानी मिडियाबाट पनि आलोचनाको सामना गर्नुपरेको थियो। मार्चमा प्रकाशित एक फोटोले उहाँलाई दुबईका शासकसँग देखाइएको थियो, जहाँ उहाँ हाल खेल्नुहुन्छ र बस्नुहुन्छ।

सोमबार इरानका एक उपराष्ट्रपतिले अज्मौनलाई राष्ट्रिय टोलीमा पुनर्स्थापित गर्न आह्वान गर्नुभएको थियो।

हालैको इन्स्टाग्राम पोस्टमा अजमौनले भन्नुभएको छ, "उहाँले एक पटक 'अर्को देशको धेरै ठूलो वित्तीय प्रस्ताव' अस्वीकार गर्नुभएको थियो र आफूलाई 'इरानको सन्तान' भन्नुभएको थियो।

# तापक्रममा नयाँ रेकर्डको चेतावनी



रासस/एएफपी । संयुक्त राष्ट्रसङ्घले आगामी पाँच वर्ष विश्वका लागि थप तातो, थप जोखिमपूर्ण र नयाँ तापक्रम रेकर्डहरू कायम हुने समय बन्न सक्ने चेतावनी दिएको छ। राष्ट्रसङ्घअन्तर्गतको मौसम तथा जलवायु निकायले सन् २०२६ देखि २०३० सम्म विश्वव्यापी औसत तापक्रम अहिलेको रेकर्ड स्तरमै वा त्यसको नजिक रहने प्रबल सम्भावना रहेको जनाएको हो।

विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) का अनुसार सन् २०२६-२०३० को पाँच वर्षे औसत तापक्रम सन् १८५०-१९०० को पूर्व-औद्योगिक औसतभन्दा १.५ डिग्री सेल्सियसभन्दा माथि पुग्ने सम्भावना ७५ प्रतिशत रहेको छ। यसले विश्व जलवायु सङ्कट अझ गहिरिँदै गएको सङ्केत गरेको सङ्गठनको निष्कर्ष छ।

अहिलेसम्म अभिलेख गरिएका सबैभन्दा तातो ११ वर्ष सन् २०१५ यता मात्रै देखिएका छन्। डब्लुएमओले यो क्रम अझै जारी रहने अनुमान गर्दै सन् २०३१ अगाडि नै नयाँ 'सबैभन्दा तातो वर्ष' घोषणा गर्नुपर्ने अवस्था आउन सक्ने जनाएको छ।

यो प्रतिवेदन सार्वजनिक भइरहँदा पश्चिमी युरोप पनि असामान्य गर्मीको चपेटामा परेको छ। बेलायत र फ्रान्समा मे महिनाकै तापक्रम रेकर्डहरू तोडिएका छन् भने पश्चिमी युरोपका विभिन्न क्षेत्र 'तातो गुम्बज' भनिने उच्च तापीय प्रणालीको प्रभावमा परेका छन्।

डब्लुएमओले आगामी पाँच वर्ष विश्वव्यापी औसत तापक्रम निरन्तर रेकर्ड स्तरमा वा त्यसको आसपास रहने सम्भावना रहेको स्पष्ट पारेको छ। सङ्गठनका अनुसार सन् २०२६ र २०३० बीचको कम्तीमा एक वर्षले सन् २०२४ लाई उछिन्दै इतिहासकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना ८६ प्रतिशत रहेको छ।

यसबीच, जलवायु चक्रसँग जोडिएको 'एल निनो' प्रभावले तापक्रमलाई थप उकालो लाग्न सक्ने अनुमान गरिएको छ। डब्लुएमओको 'ग्लोबल एन्युअल-टु-डिकेडल अपडेट' का प्रमुख लेखक लियोन हर्मनसनले सन् २०२६ को अन्त्यतिर एल निनो विकास हुने पूर्वानुमान गरिएको बताउनुभयो। उहाँका अनुसार त्यसको प्रभावले सन् २०२७ लाई अर्को कीर्तिमानी तातो वर्ष बनाउने सम्भावना अझ बढाउन सक्छ।

यसअघिको एल निनो घटनाले सन् २०२३ लाई अभिलेखमा दोस्रो सबैभन्दा तातो वर्ष बनाउन योगदान गरेको थियो भने सन् २०२४ को तापक्रम पूर्व-औद्योगिक औसतभन्दा १.५५ डिग्री सेल्सियस माथि पुगेको थियो।

एल निनो एउटा प्राकृतिक जलवायु प्रक्रिया हो, जसले मध्य तथा पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको सतही तापक्रम बढाउँछ। यसको प्रभावले विश्वभर हावाको गति, मौसमको अवस्था र वर्षाको ढाँचामा उल्लेखनीय परिवर्तन देखिन्छ। यो चक्र सामान्यतया प्रत्येक दुईदेखि सात वर्षको अन्तरालमा देखिने र करिब नौदेखि १२ महिनासम्म रहने गर्छ।

सन् २०१५ को पेरिस जलवायु सम्झौताले विश्व तापक्रम वृद्धिलाई पूर्व-औद्योगिक स्तरभन्दा २ डिग्री सेल्सियसभन्दा तल, सम्भव भएसम्म १.५ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्ने लक्ष्य तय गरेको थियो। यी लक्ष्यहरू मानव समाजले ठूलो मात्रामा कोइला, तेल र ग्यास जलाउन सुरु हुनुअघिको सन् १८५०-१९०० को औसत तापक्रमलाई आधार मानेर निर्धारण गरिएका हुन्। यिनै जीवाश्म इन्धनबाट निस्कने कार्बन डाइअक्साइडलाई जलवायु परिवर्तनको प्रमुख कारण मानिन्छ।

डब्लुएमओको अद्यावधिक प्रतिवेदनले सन् २०२६-२०३० अवधिमा वार्षिक विश्वव्यापी सतह नजिकको औसत तापक्रम पूर्व-औद्योगिक औसतभन्दा १.३ डिग्रीदेखि १.९ डिग्री सेल्सियससम्म माथि रहने अनुमान गरेको छ।

सङ्गठनका अनुसार सन् २०२६ देखि २०३० बीचको कम्तीमा एक वर्षमा विश्वव्यापी औसत तापक्रम अस्थायी रूपमा १.५ डिग्री सेल्सियसभन्दा माथि जाने सम्भावना ९१ प्रतिशत पुगेको छ। साथै, पूरै पाँच वर्षको औसत नै १.५ डिग्रीको सीमाभन्दा माथि रहने सम्भावना ७५ प्रतिशत रहेको उल्लेख गरिएको छ।

यद्यपि, आगामी पाँच वर्षभित्र कुनै एक वर्षको तापक्रम पूर्व-औद्योगिक आधाररेखाभन्दा २ डिग्री सेल्सियसभन्दा बढी पुग्ने सम्भावना अत्यन्त न्यून रहेको डब्लुएमओले जनाएको छ। सङ्गठनका अनुसार यस्तो अवस्था आउन सक्ने सम्भावना एक प्रतिशतभन्दा कम मात्रै छ।

प्रतिवेदनले आर्कटिक क्षेत्रमा तापक्रम वृद्धि विश्व औसतभन्दा धेरै तीव्र हुने चेतावनी पनि दिएको छ। आगामी पाँच उत्तरी गोलार्धीय जाडो मौसम (नोभेम्बरदेखि मार्चसम्म) मा आर्कटिकको तापक्रम सन् १९९१-२०२० को औसतभन्दा करिब २.८ डिग्री सेल्सियस बढी रहने अनुमान गरिएको छ। यो सोही अवधिको विश्वव्यापी औसत तापक्रम वृद्धिभन्दा तीन गुणाभन्दा बढी हो।


डब्लुएमओले १.५ डिग्रीको सीमा आगामी वर्षहरूमा अझ धेरै पटक पार हुन सक्ने चेतावनी दिएको छ। तर, पेरिस सम्झौतामा उल्लेख गरिएको १.५ र २ डिग्रीको सीमा दीर्घकालीन, सामान्यतया २० वर्षभन्दा बढी अवधिको औसत तापक्रमसँग सम्बन्धित भएकाले अस्थायी रूपमा त्यो सीमा नाघिनुले दीर्घकालीन लक्ष्य पूर्णतः असम्भव भइसकेको अर्थ नलाग्ने सङ्गठनले स्पष्ट पारेको छ।

गत वर्ष पनि अभिलेखमा रहेका तीन सबैभन्दा तातो वर्षमध्ये एक थियो। विश्वव्यापी सतह नजिकको औसत तापक्रम सन् १८५०-१९०० को आधाररेखाभन्दा करिब १.४३ डिग्री सेल्सियस माथि पुगेको अनुमान गरिएको थियो।

बेलायतको मौसम कार्यालय राष्ट्रिय मौसम सेवा तथा डब्लुएमओको वार्षिकदेखि दशकीय जलवायु पूर्वानुमान केन्द्रले तयार पारेको यस प्रतिवेदनमा १३ विभिन्न संस्थाका पूर्वानुमानहरू समेटिएका छन्।

प्रतिवेदनले सन् २०२६ देखि २०३० सम्म मेदेखि सेप्टेम्बरसम्मको वर्षा ढाँचामा पनि ठूलो क्षेत्रीय अन्तर देखिन सक्ने जनाएको छ। त्यसअनुसार साहेल क्षेत्र, उत्तरी युरोप, अलास्का र साइबेरियामा सामान्यभन्दा बढी वर्षा हुने सङ्केत देखिएको छ भने अमेजन क्षेत्रमा असामान्य सुक्खापन कायम रहने पूर्वानुमान गरिएको छ।

# कोशीको खेलकुद विकास बोर्डको सदस्य सचिवमा घोष नियुक्त



विराटनगर । कोशी प्रदेश सरकारले प्रदेश खेलकुद विकास बोर्डमा पदाधिकारी तथा सदस्य नियुक्त गरेको छ। बोर्डमा ८ महिनादेखि सबै पद रिक्त रहेको थियो।

कोशी सरकारले बोर्डको सदस्य सचिवमा सुनसरी इनरुवाका विप्लव घोष नियुक्त गरेको छ। पुरुष उपाध्यक्षमा पूर्वखेलाडी मोरङ विराटनगरका वसन्त अर्याल र महिला उपाध्यक्षमा विराटनगरकी सन्तोषी श्रेष्ठ नियुक्त भएका छन्।

त्यस्तै, बोर्डको सदस्यमा झापाका बालजित राई र वीणा बस्नेत, तेह्रथुमका केशव भट्टराई, सुनसरीका किशोरविक्रम साह र सुशीला राई, इलामका टिकाराम पुरी, उदयपुरका दुर्गा कठायत र ओखलढुंगाका विश्वराज राई नियुक्त भएका छन्। पदाधिकारी तथा सदस्यहरूको कार्यकाल ४ वर्षको हुनेछ।

बोर्ड नेतृत्वविहीन बन्दा प्रदेशका खेलकुद गतिविधि शून्यजस्तै थियो। सरकारले अध्यादेशमार्फत ऐन संशोधन गरी बोर्डमा पदाधिकारी नियुक्त गरेको हो। बुधबार राति सामाजिक विकासमन्त्री रामप्रसाद महतोले बोर्डमा दुई उपाध्यक्ष र सदस्य सचिवसहित ११ जना सदस्य नियुक्त गरेका हुन्।

बैशाख ३० गते प्रदेश खेलकुद पहिलो संशोधन अध्यादेश-२०८१ जारी गरिएको थियो। ऐनमा उपाध्यक्ष र सदस्य सचिवसहित सदस्यको संख्या १५ जना रहने व्यवस्था थियो। अध्यादेशमार्फत संशोधन गरी एकजना उपाध्यक्ष थपिएको थियो। सदस्यको संख्या २५ पुर्याइएको थियो।

# नेपाल एसियाली खेलकुद महिला क्रिकेट छनोटको सेमिफाइनलमा प्रवेश



काठमाण्डु । नेपाली महिला क्रिकेट टोली एसियाली खेलकुद महिला क्रिकेट छनोटअन्तर्गत समूह 'बी' को खेलमा इन्डोनेसियालाई पराजित गर्दै सेमिफाइनलमा पुगेको छ। मलेसियाको क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा आज खेलमा नेपालले इन्डोनेसियामाथी चार विकेटको जित निकाल्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो।

प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जित हो। यसअघि भएको पहिलो खेलमा नेपालले चीनमाथि १९ रनको शानदार जित हात पारेको थियो।


आजको खेलमा इन्डोनेशियाले नेपाललाई जितका लागि ११४ रनको लक्ष्य दिएको थियो। जवाफमा नेपालले १९.३ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो।

नेपालका लागि कप्तान इन्दु वर्माले अविजित ४२ रनको महत्वपूर्ण इनिङ्स खेलिन्। सोनी पाखरिनले २९ तथा सीता रानामगरले अन्तिम समयमा आक्रामक ब्याटिङ गर्दै ६ बलमा अविजित १३ रन जोडिन्।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको इन्डोनेसियाले निर्धारित २० ओभरमा चार विकेट गुमाएर ११३ रन बनाएको थियो। इन्डोनेसियाकी कप्तान नि पुतु आयु नन्दा सकारिनीले अविजित ५६ रन बनाइन्। त्यस्तै भने नि लुह देवीले २३ रनको योगदान दिइन्।

बलिङतर्फ नेपालका लागि मनिषा उपाध्यायले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा नौ रन खर्चेर दुई विकेट लिइन्। त्यस्तै रिया शर्माले एक विकेट हात पारिन्। खेलमा उत्कृष्ट प्रदर्शन गरेकी इन्दु वर्मा प्लेयर अफ द म्याच घोषित भइन्। रासस

# एकअर्कालाई युद्धविराम उल्लघंन गरेको आरोप लगाउँदै अमेरिका र इरान



रासस/एएफपी । मध्यपूर्व युद्ध शुरु भएको तीन महिनापछि बिहीबार संयुक्त राज्य अमेरिका र इरानले एकअर्कालाई जारी युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएका छन्।

पछिल्लो आरोप प्रत्यारोप अमेरिका र इरानबीच अप्रिल ८ मा युद्धविराम सुरु भएपछिको सबैभन्दा गम्भीर आरोप हो। यसले युद्ध अन्त्यका लागि जारी वार्ता प्रयासलाई प्रभावित पारेको छ। अमेरिकी सहयोगी कुवेतले इरानले तनाबलाई 'खतरनाक वृद्धि' तर्फ धकेलेको आरोप लगाएको छ।

इजरायलले देशको दक्षिणी भागलाई युद्ध क्षेत्र घोषणा गरेपछि र बेरुत नजिकै आक्रमण बढाएपछि लेबनानी क्षेत्रमा तनाव चर्किएको छ।

बिना अनुमति स्ट्रेट अफ हर्मुज पार गर्न खोज्ने चारवटा जहाजमाथि इरानी सेनाले गोली चलाएको इरानी सरकारी प्रसारक आइआरआइबीले बिहीबार जनाएको छ। इरानले युद्ध सुरु भएदेखि अर्थात् फेब्रुअरी २८ देखि नै जलमार्गमा नाकाबन्दी गर्दै आएको छ।

अमेरिकी सेनाले भनेको छ, "आफ्नो समूहले हर्मुज र वरपरका पाँचवटा ड्रोनहरूको आक्रमण र बन्दर अब्बासको दक्षिणी बन्दरगाह क्षेत्रको भू-नियन्त्रित स्टेशनबाट छैटौं आक्रमणलाई रोकेको थियो। बन्दर अब्बासमा भएको आक्रमणले इरानलाई 'आक्रमणको स्रोतको रूपमा रहेको अमेरिकी सैन्य हवाई अड्डा'लाई निशाना बनाउन प्रेरित गरेको इरानको रिभोलुसनरी गाड्र्सलाई उद्धृत गर्दै आइआरआइबीले लेखेको छ।

गाड्र्सले सैन्य आधार कहाँ छ भनेर स्पष्ट पारेको छैन, तर अमेरिकी सेनालाई आफ्नो भूमिमा शिविर राख्न दिएको कुवेतले आफ्नो हवाई प्रतिरक्षाले आक्रमणको जवाफ दिएको बताएको छ।

कुबेतको विदेश मन्त्रालयले पछि 'कुवेतको भूमिलाई लक्षित गरी मिसाइल र ड्रोनद्वारा गरिएको आपराधिक आक्रमणको निन्दा गर्दै यसले खाडी क्षेत्रमा खतरनाक द्वन्द्वको वृद्धि गरेको बताएको थियो।

अमेरिकी सेन्ट्रल कमान्डले इरानी आक्रमणलाई 'युद्धविराम उल्लङ्घन' भनेको छ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बघाईले तेहरानले 'आफ्नो राष्ट्रिय सम्प्रभुताको रक्षाका लागि सबै आवश्यक उपायहरू अवलम्बन गर्ने' बताउनुभएको छ।

अमेरिकी अधिकारीले एएफपीसँग युद्धविरामको रक्षा गर्ने उद्देश्यले इरानमा कारबाही गरिएको बताएका थिए।

इरानका गाड्र्सले बिहीबार थप आक्रमण भएको खण्डमा 'कडा प्रतिक्रिया' दिने चेतावनी दिएको छ।

# जीवन बीमा शुल्कबाट एक खर्ब २७ अर्ब ६९ करोड संकलन

काठमाण्डु । जीवन बीमा शुल्कमार्फत एक खर्ब २७ अर्ब ६९ करोड रुपैयाँ बराबरको रकम संकलन भएको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षण अनुसार निर्जीवन बिमा शुल्क ३२ अर्ब ५३ करोड रुपैयाँ बराबर संकलन भएको छ। कूल बीमा शुल्क २०८१ फागुनसम्मको तुलनामा चालु आवको फागुन मसान्तसम्म १६ दशमलव एक प्रतिशतले वृद्धि भइ एक खर्ब ६० अर्ब २२ करोड रुपैयाँ बराबर पुगेको छ।




गत फागुन मसान्तसम्म सक्रिय बीमालेखमध्ये जीवन बिमातर्फको संख्या एक करोड ६२ लाख ५९ हजार ८३२ र निर्जीवन बिमातर्फको संख्या २१ लाख ६८ हजार ४५ बराबर रहेको छ । चालु आवको फागुनसम्म जीवन बीमातर्फ एक लाख २५ हजार ८३० बीमा दाबीअन्तर्गत २६ अर्ब ८४ करोड बराबरको रकम दाबी भुक्तानी गरिएको सर्वेक्षणमा उल्लेख छ।

निर्जीवन बीमातर्फ ९४ हजार २१५ बीमा दाबीअन्तर्गत रु १७ अर्ब ३१ करोड बराबरको रकम भुक्तानी गरिएको छ। बीमा क्षेत्रमा जीवन र लघु जीवन बीमातर्फ गरी १२ हजार ४३० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । सर्वेक्षण अनुसार २०८१ फागुनसम्म करिब चार लाख १२ हजार ४५२ अभिकर्ता अप्रत्यक्ष रोजगारीमा छन् ।

निर्जीवन बीमा व्यवसायको क्षति मूल्यांकन गर्ने एक हजार २२४ सर्भेयर र १६ पुनःबिमा अभिकर्ताले रोजगारी पाएका छन् ।

सञ्चय कोषको सम्पत्ति छ खर्ब ४२ अर्ब ३५ करोड यसैगरी, गत पुससम्म कर्मचारी सञ्चय कोषको सम्पत्ति तथा दायित्व छ खर्ब ४२ अर्ब ३५ करोड बराबर पुगेको छ । सो अवधिमा सञ्चयकर्ताको सञ्चित रकम पाँच खर्ब ७८ अर्ब छ करोड बराबर छ।

कोषले विभिन्न क्षेत्रमा गरी दुई खर्ब २९ अर्ब ४९ करोड बराबरको रकम लगानी गरेको छ । यस्तै तीन खर्ब ८१ अर्ब ६१ करोड बराबरको कर्जा तथा सापटी प्रदान गरेको छ।

सर्वेक्षण अनुसार गत पुस मसान्तसम्म नागरिक लगानी कोषको सम्पत्ति तथा दायित्व तीन खर्ब १९ अर्ब ५० करोड बराबर पुगेको छ। सो अवधिमा बचतकर्ताको सञ्चित रकम दुई खर्ब ८२ अर्ब ३७ करोड बराबर छ। कोषले विभिन्न क्षेत्रमा एक खर्ब ९२ अर्ब ९४ करोड लगानी गरेको छ । ९१ अर्ब ५६ करोड बराबरको रकम कर्जा तथा सापटी प्रदान गरेको छ। रासस

# पर्यटकको दैनिक औसत खर्च १९ प्रतिशतले घट्यो

काठमाण्डु । नेपाल भ्रमणमा आएका पर्यटकको औसत दैनिक खर्च १९ प्रतिशतले घटेको छ । सरकारद्वारा हालै सार्वजनिक गरिएको आर्थिक सर्वेक्षणले पर्यटक भित्रिए पनि खर्च भने घटेको देखाएको हो ।



नेपाल पर्यटन व्यवसायी सङ्घका अध्यक्ष कुमारमणि थपलियाले पर्यटकले खर्च नगर्ने हो भने पर्यटनबाट मुलुक समृद्धिको लक्ष्य हासिल गर्न कठिनाइ हुने बताउनुभयो । उहाँका अनुसार नेपाल आउने पर्यटकले यात्रामै बढी खर्च गर्नुपर्ने बाध्यता भएकाले खुलेर खर्च गर्ने अवस्था नरहेको हो। "यातायात टिकट नै तीन हजार डलर पुग्छ। यस्तो अवस्थामा पर्यटकले यहाँ आएर प्रशस्त खर्च गर्ने पैसा कटौती हुन्छ", उहाँले भन्नुभयो, "हामीले पर्यटकलाई खर्च गराउने वातावरण सिर्जना गर्न सकेका छैनौँ ।"

सङ्घका अध्यक्ष थपलियाले पर्यटकलाई खर्च गराउन विलासी प्याकेज (लक्जरियस प्याकेज) को प्रावधान बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । बाटो सुविधायुक्त बनाउने, खर्च गर्ने कलात्मक संरचना निर्माण गर्ने र ट्राभल शुल्क कम गर्ने हो भने पर्यटकले खर्च गर्ने आधार बढ्ने उहाँको तर्क छ।

अर्थमन्त्री डा स्वर्णीम वाग्लेले बुधबार प्रस्तुत गर्नुभएको आर्थिक सर्वेक्षण २०८२/८३ मा गत आर्थिक वर्ष (सन्, २०२४) मा ४० दशमलव ८४ अमेरिकी डलर औसत खर्च गर्ने पर्यटकले सन् २०२५ मा ३३ दशमलव शून्य आठ अमेरिकी डलर मात्रै खर्च गरेका छन् । यस हिसाबले नेपालमा आउने पर्यटकको औसत दैनिक खर्च १९ प्रतिशतले घटेको थपलियाले जानकारी दिनुभयो ।

सर्वेक्षणका अनुसार सन् २०२५ देखि केन्द्रीय विद्युतीय पर्यटन व्यवस्थापन सूचना प्रणाली (सिटिएमआइएस) बाट अध्यागमन विभागले पर्यटकको आगमन र प्रस्थान मिति प्रविष्ट गरेपछि स्वचालित हिसाबले गणना हुने प्रबन्ध गरिएकाले पर्यटकको प्रतिदिन औसत खर्चसमेत सोही अनुपातमा घटेको हो। सर्वेक्षणले गत वर्षको तुलनामा यसवर्ष नेपाल भित्रिने पर्यटकको स¤्या एक दशमलव तीन प्रतिशतले वृद्धि भई ११ लाख ६२ हजार ३६५ पुगेको छ देखाएको छ । सन् २०२४ मा ११ लाख ४७ हजार ५४८ पर्यटक भित्रिएका थिए।

नेपालमा भित्रिने पर्यटकमध्ये ६० दशमलव दुई प्रतिशत बिदा र मनोरञ्जनका लागि आउने गरेका छन् । यसमा पनि सबैभन्दा बढी घुम्न आउने पर्यटकमा तीर्थयात्री १४ दशमलव चार प्रतिशत रहेका तथ्याङ्कले देखाएको सङ्घका अध्यक्ष थपलियाले उल्लेख गर्नुभयो । उहाँका अनुसार पदयात्रा पर्वतारोहणका लागि १४ दशमलव दुई प्रतिशत र अन्य प्रयोजन (व्यापार, अध्ययन, भ्रमण वा अन्य विविध) का लागि ११ दशमलव दुई प्रतिशत पर्यटक नेपाल आएका छन् ।

यसरी नेपाल भ्रमण गर्ने पर्यटकको बसाइ अवधिसमेत बढेको तथ्याङ्कले देखाएको छ। सन् २०२४ मा प्रतिपर्यटक औसत बसाइ अवधि १३ दशमलव ३० दिन रहेकामा सन् २०२५ मा १६ दशमलव ३४ दिन पुगेको छ । तथ्याङ्कअनुसार सन् २०२५ मा आएका पर्यटकमध्ये भारतबाट करिब दुई लाख ९३ रहेका छन् ।

त्यसैगरी, अमेरिकाबाट एक लाख १३ हजार, चीनबाट ९६ हजार, बेलायतबाट ५९ हजार, बङ्गलादेशबाट ५८ हजार, अष्ट्रेलियाबाट ५० हजार, श्रीलङ्काबाट ३८ हजार, थाइल्यान्डबाट ३० हजार, जर्मनीबाट ३० हजार, श्रीलङ्काबाट ३८ हजार, जापानबाट २५ हजार र अन्य मुलुकबाट तीन लाख ७१ हजार रहेका छन् ।

तथ्याङ्कले २०२५ मा भ्रमण आय चार दशमलव आठ प्रतिशत वृद्धि भएको देखाउँछ। गत वर्ष आर्थिक वर्षमा पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय ८३ अर्ब ३९ करोड ४० लाख थियो । ठमेल पर्यटन परिषद् विकास परिषद्को उपाध्यक्ष सहदेव धमलाले पर्यटकले पर्याप्त खर्च गरे मात्रै राज्यको कुल गार्हस्थ उत्पादनमा योगदन पुऱ्याउन सकिने बताउनुभयो । उहाँका अनुसार अहिले पर्यटकलाई गुणस्तर किनमेल गर्ने वस्तुको अभाव छ ।

त्यस्तै, पर्यटकको चाहनाअनुसारका सेवा प्रवाहमा पनि नेपाल व्यवस्थित हुन आवश्यक रहेको उहाँले बताउनुभयो । "सेवा प्रवाह नै बलियो बनाउन र पर्यटकले किनमेल गर्ने गुणस्तर वस्तुको उत्पादन गर्न राज्यले लगानीमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो । रासस

# मत्स्यनारायणमा मेला भर्नेको घुइँचो



कीर्तिपुर । यही जेठ ३ गतेदेखि चन्द्रगिरि नगरपालिका-९ मत्स्यनारायण मन्दिरमा मेला लागेको छ । यो वर्ष अधिकमास (पुरुषोत्तम महिना) परेकाले मन्दिर परिसरमा लाग्ने मेलामा घुइँचो बढेको हो । मन्दिरमा नारायणको दर्शन २० मिनेटभित्र गर्न सकिने व्यवस्था गरिएको मेला व्यवस्थापन समितिले जनाएको छ।

समितिद्वारा बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा चन्द्रगिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले उपत्यकाका विभिन्न स्थानबाट मन्दिर पुग्ने पहुँच मार्गको स्तरोन्नति, दर्शनार्थीको लाइन व्यवस्थापन र सुरक्षा प्रबन्ध व्यवस्थित र प्रभावकारी बनाइएको बताउनुभयो । "साथमा मन्दिर परिसरको भौतिक सुधार, मेला र मन्दिरका थप पक्ष उजागर गर्न अध्ययन अनुसन्धान र राष्ट्रिय अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसारका लागि गुरुयोजना अघि बढाएका छौँ", उहाँले भन्नुभयो।

चन्द्रगिरि-९ का वडाध्यक्ष अच्युत अधिकारीले मन्दिर परिसर र वरपरका पुरातात्विक संरचनामा रहेका कङ्क्रिट संरचना क्रमशः हटाउँदै मौलिकपन कायम गरिने जानकारी दिनुभयो । उहाँका अनुसार मेला अवधिभर दर्शनार्थी व्यवस्थापन, खानेपानी, सरसफाइ र स्वास्थ्य व्यवस्थापनका लागि एक दर्जन सामाजिक संस्था क्रियाशील छन् ।

रमा पुरुषोत्तम मेला लागिरहेको छ । पुरुषोत्तम मास माहात्म्यका अनुसार सृष्टिको सुरुमा अपहेलित यो मासले भगवान् पुरुषोत्तम (नारायण) को तपस्या गऱ्यो । त्यसपछि नारायणले उक्त मासको स्वामित्व लिनुभएको भन्ने जनविश्वाससहित यस मासलाई पुरुषोत्तम महिना भनिएको हो", मन्दिरका पुजारी सुदामाप्रसाद आचार्यले भन्नुभयो ।

उहाँका अनुसार अन्य कुनै पनि तिथि अनुसारका श्राद्ध, यज्ञ तथा पूजा आदि नैमित्तिक एवं काम्य कर्म नहुने यो महिनामा मत्स्य तीर्थ मानिने मत्स्यनारायणको मन्दिरमा पुगी स्नानसहित दर्शन र पूजाअर्चना गरेमा सयौँ अश्वमेघ यज्ञ गरे बराबरको फल प्राप्त हुन्छ।

लिच्छविकालीन वास्तुकला र शिल्पमा आधारित मत्स्यनारायण मन्दिर र त्यहाँका देवालयहरु उपत्यकाका प्राचीन सम्पदामध्यको एक मानिन्छ।परिसरलाईअतिक्रमणबाट जोगाउन नगरपालिकाले पहल गरिरहेको नगरप्रमुख गिरीले जानकारी दिनुभयो । रासस

# औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगमा २० हजार प्रत्यक्ष रोजगारी

काठमाण्डु । मुलुकका विभिन्न क्षेत्रमा रहेका १० औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगबाट २० हजार व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

करिब छ हजार १६ रोपनी जग्गामा सञ्चालित ती औद्योगिक क्षेत्रभित्र गत फागुन मसान्तसम्म कायम रहेका ७०६ मध्ये ६३८ उद्योग सञ्चालनमा रहेको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षणमा उल्लेख छ । औद्योगिक क्षेत्रमा २६ उद्योग निर्माणाधीन, १६ उद्योग बन्द र २६ अन्य संघसंस्था छन् ।

सातै प्रदेशमा बालाजु, पाटन, भक्तपुर, हेटौँडा, धरान, नेपालगन्ज, पोखरा, बुटवल, वीरेन्द्रनगर र गजेन्द्रनारायण सिंह गरी १० औद्योगिक क्षेत्र सञ्चालित छन् । मुलुकमा औद्योगिक विकास गर्न उद्योगलाई आवश्यक पर्ने आधारभूत पूर्वाधार जमिन, औद्योगिक भवन, सडक, विद्युत्, पानी, ढल तथा अन्य सुविधा एकै ठाउँमा उपलब्ध गराउने उद्देश्यले औद्योगिक क्षेत्र सञ्चालनमा ल्याइएको हो ।



आर्थिक तथा व्यावसायिक वातावरण सुधार र उद्योग तथा लागनी सहजीकरण गर्न औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, कम्पनी ऐन, २०६३ र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ संशोधन गरी लगानीमैत्री बनाइएको आर्थिक सर्वेक्षणमा उल्लेख छ। नवीनतम ज्ञान, प्राविधिक सीप र क्षमता भएको इच्छुक उद्यमीलाई 'स्टार्टअप' उद्यममा सहभागी हुन उत्प्रेरित गर्दै स्टार्टअप उद्यम नीति २०८१ र स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भएको छ । स्टार्टअप उद्यमको विकास र प्रवर्द्धनका लागि व्यवसाय सम्वर्द्धन केन्द्रको स्थापना भएको छ । स्टार्टअप उद्यम कर्जा कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा पाँच हजार १५८ प्रस्ताव प्राप्त भएकामा ६६१ प्रस्ताव सिफारिस भई ६०० उद्यमीलाई कर्जा प्रवाह गरिएको आर्थिक सर्वेक्षणमा उल्लेख छ। चालु आवको फागुनसम्म १० हजार २४४ प्रस्ताव प्राप्त भएका छन् ।

औद्योगिक बौद्धिक सम्पत्तिका रुपमा गत फागुन मसान्तसम्म ७० हजार ९७० ट्रेडमार्क, ९० पेटेन्ट र ३२० डिजाइन दर्ता भएका छन् ।

**सबैभन्दा बढी चिनियाँ लगानी स्वीकृत**

फागुन मसान्तसम्म वैदेशिक लगानीका लागि स्वीकृति पाएका परियोजनामध्ये कूल लगानीका आधारमा सबैभन्दा बढी चिनियाँ छ । सो अवधिमा चीनको ४८ प्रतिशत, भारतको १७.९ प्रतिशत र तीबाहेक अन्यको ३४.१ प्रतिशत लगानी रहेको छ । रासस

# माथिल्लो त्रिसूली-१ जलविद्युत्को 'वेयरगेट' सञ्चालन

काठमाण्डु । रसुवामा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिसूली-१ जलविद्युत् आयोजनाको पानी बहाव नियन्त्रण गर्ने वेयरगेट(ड्यामको गेट) उद्घाटन गरिएको छ।




नेपालका लागि गणतन्त्र कोरियाली राजदूत पार्क थेयङले बिहीबार रसुवामा आयोजित कार्यक्रममा आयोजनाको एक महत्वपूर्ण हिस्साका रूपमा रहेको वेयरगेटको उद्घाटन गरेसँगै सो जलविद्युत् परियोजना निर्माण अन्तिम चरणमा पुगेको नेपालस्थित गणतन्त्र कोरियाली दूतावासले जनाएको छ।

सो अवसरमा राजदूत पार्कले गणतन्त्र कोरियाली सरकारले विगत ५२ वर्षदेखि नेपालको दिगो आर्थिक विकास र समृद्धिलाई समर्थन गर्दै नेपालको भरपर्दो विकास साझेदार बनेको बताउनुभयो । उहाँले कोरियाका तर्फबाट नेपालमा तीन वटा जलविद्युत् आयोजना निर्माण हुनुका साथै आवश्यक वित्तीय साझेदारी रहेको उल्लेख गर्दै ऊर्जा क्षेत्रमा नेपाल र कोरियाबीच सहकार्यका प्रचुर सम्भावना रहेको उल्लेख गर्नुभयो । यस परियोजनालाई नेपाल र कोरियाबीचको दीर्घकालीन ऊर्जा क्षेत्रमा भएको लगानीलाई एक ऐतिहासिक उदाहरणको रूपमा लिन सकिने उहाँको भनाइ छ ।

उद्घाटन समारोहमा ऊर्जा मन्त्रालयका अधिकारीहरू, कोरियाली दूतावासका कर्मचारी, परियोजनासम्बन्धी सरोकार भएका निकायका प्रतिनिधिलगायत स्थानीय बासिन्दाको उपस्थिति थियो । नेपालको सबैभन्दा ठूलो प्रत्यक्ष वैदेशिक लगानी भएको यस जलविद्युत् परियोजना सन् २०२७ को मध्यसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यस परियोजनामा ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीको मिश्रित लगानी रहेको छ।

नेपाल जल तथा ऊर्जा विकास कम्पनी प्राइभेट लिमिटेडद्वारा निर्माणाधीन यस आयोजनाको प्रमुख प्रायोजकहरू कोरिया साउथ इस्ट पावर कम्पनी) र कोरिया ओभरसिज इन्फ्रास्ट्रक्चर एण्ड अर्बन डेभलपमेन्ट कर्पोरेशन गरी दुई कोरियाली कम्पनी छन्। यस आयोजना नेपालको जलविद्युत् क्षेत्रमा सबैभन्दा ठूलो प्रत्यक्ष विदेशी लगानी भएको र नदीको बहावमा आधारित परियोजना सन् २०२७ को मध्यसम्ममा सम्पन्न हुने तालिका रहेको जनाइएको छ।

आयोजनामा ऋण प्रदान गर्ने प्रमुख अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूमा अन्तरराष्ट्रिय वित्त निगम, एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंक र कोरियाली एक्जिम बैंक रहेका छन्। रासस

# पर्यटकीय गन्तव्यमा रूपान्तरण हुँदै घैलाडुब्बा

झापा। मेचीनगर-५ र ८ स्थित ऐतिहासिक एवं पुरातात्विक महत्त्व बोकेको पातालगङ्गा घैलाडुब्बा शिव तथा देवी मन्दिर पछिल्लो समय धार्मिक पर्यटकीय क्षेत्रका रूपमा प्रवर्द्धन हुन थालेको छ।



महाभारतकालीन पौराणिक कथा र राणाकालीन इतिहाससँग जोडिएको यो मन्दिर पूर्वी क्षेत्रकै सबैभन्दा पुरानो धार्मिकस्थलमध्ये एक मानिन्छ । विसं २०१५ मा स्थानीय कुमारसिंह चौधरी र पानेश्वरी चौधरीले यहाँ मन्दिर बनाएको ताम्रपत्र भेटिएको छ भने मन्दिरको इतिहास त्योभन्दा दशकौँ पुरानो मानिएको छ।

राणा प्रधानमन्त्री जङ्गबहादुर राणा शिकार खेल्न आउँदा जङ्गलको माझमा साधुसन्तले धुनी जगाएर तपस्या एवम् साधना गरिरहेको देखेपछि उहाँले नै पहिलोपल्ट मन्दिरको स्थापना गरिदिएको सुरेन्द्रनगर घैलाडुब्बा शिव तथा देवी मन्दिर संरक्षण समितिका अध्यक्ष गणेशकुमार खरेल बताउनुहुन्छ। पुरातत्व विभागले झापाका दुईवटा महत्त्वपूर्ण धार्मिक स्थललाई आफ्नो सूचीमा राखेर संरक्षण गरिरहेकोमा यो मन्दिर पनि विसं २०७७ मा विभागको सूचीमा सूचीकृत भएको उहाँले जानकारी दिनुभयो।

यस मन्दिरको मुख्य विशेषता यसको निर्माण शैली हो। धार्मिक गुरु एवं मन्दिर संरक्षण समितिका सदस्य पण्डित रामचन्द्र अधिकारीका अनुसार मन्दिरको मूल संरचनामा कतै पनि फलामको किला, काँटी, सिमेन्ट वा ढुङ्गाको प्रयोग गरिएको छैन । यो माटोबाट मात्र निर्मित अनौठो र ऐतिहासिक संरचना हो।

यस धार्मिक क्षेत्रमा घैलाडुब्बा र पातालगङ्गा गरी दुई अलगअलग स्थान र मन्दिर छन् । घैलाडुब्बा मन्दिर क्षेत्र मेचीनगरको वडा नं ५ मा र पातालगङ्गा क्षेत्र वडा नं ८ मा पर्दछ।

महाभारत कालमा भीमसेनले लखेट्दै ल्याउँदा यस पातालगङ्गा क्षेत्रमा आइपुगेपछि किचकले आत्मसमर्पण गरेको र पाण्डवले जलधारा उत्पत्ति गरेको किङ्वदन्ती छ । किचकलाई यहिँको जलपान गराएर मात्र पृथ्वीनगरको किचकबध स्थलतर्फ लगिएको विश्वास गरिन्छ।

मन्दिरबाट करिब २०० मिटर दक्षिणमा चियाबारीबीचमा 'पातालगङ्गा भगवती'को उत्पत्तिस्थल रहेको छ भने यसको नजिकै उत्तरबाहिनी नदी बगेकी छिन् । यहाँको जलको दृश्य निकै अलौकिक छ। चैतको खडेरी होस् वा साउनको वर्षा, यहाँ धरतीबाट सधैँ एकैनासको जलधारा उम्रिरहने गर्दछ।

यस क्षेत्रमा भगवान भोलेनाथ, हनुमान, राधा सर्वेश्वर, भगवती छिन्नमस्ता, दुर्गा र नाग देवताका मन्दिर रहेका छन् । यहाँ प्रत्येक वर्षको महाशिवरात्रिमा विशाल मेला लाग्ने गर्दछ, जहाँ स्थानीय आदिवासी समुदायका साथै अन्य भक्तजनको ठूलो घुइँचो लाग्छ।

तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा यो मन्दिर बनेको किंवदन्ती रहेको अध्यक्ष खरेलले बताउनुभयो।

प्राचीन समयमा यहाँको घना जङ्गलको बीचमा एउटा विशाल पोखरी रहेको र त्यहाँ घैला 'माटोको गाग्रो' डुब्ने भएकाले यस ठाउँको नाम 'घैलाडुब्बा' रहन गएको हो । विगतमा यहाँ नागा बाबाले धुनी बालेर तपस्या गर्ने गर्दथे । हाल यस ऐतिहासिक मन्दिरमा १०० वर्षीय वृद्ध पुजारी मणिराम दासले पूजाअर्चना गर्दै आउनुभएको छ ।रासस

# एक हजार ५१ संस्थाको पुनर्निर्माण

काठमाण्डु । आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार भूकम्पबाट क्षतिग्रस्त भएका एक हजार १३६ स्वास्थ्य संस्थामध्ये २०८२ फागुनसम्म एक हजार ५१ संस्थाको पुनर्निर्माण सम्पन्न भएको छ।



निजी आवास पुनर्निर्माणतर्फ २०८२ फागुनसम्म आठ लाख ३५ हजार १८५ लाभग्राहीको पहिचान गरिएकामध्ये आठ लाख ३४ हजार ३०३ लाभग्राहीले पहिलो किस्ता प्राप्त गरेका छन् ।

त्यसैगरी सात लाख ७० हजार ८३८ लाभग्राहीले दोस्रो किस्ता तथा सात लाख ४३ हजार ९८७ लाभग्राहीले अन्तिम किस्ता पाएका छन् ।

सर्वेक्षणअनुसार हालसम्म सात लाख ७३ हजार ९८७ निजी आवासको पुनर्निर्माण सम्पन्न भएको छ।

यसैगरी जेनजी आन्दोलनबाट सहरी विकास तथा भवन निर्माण विभागको कार्यक्षेत्रभित्रका १२६ भवनमा सामान्य क्षति र १४४ भवनमा आंशिक वा पूर्णक्षति भएको थियो। क्षति भएका संरचनामध्ये सामान्य क्षतितर्फ ५८ संरचनाको पुनर्निर्माण कार्य सम्पन्न भएको छ भने ६० संरचनाको निर्माण कार्य शुरु भइसकेको छ। रासस

# टेण्डरबिनै सेटिङ्गमा लालबकैया दोहन



सञ्जय मिश्रा

रौतहट । रौतहटस्थित लालबकैया नदी यतिबेला अवैध दोहनको चपेटामा परेको छ। कानुनी रूपमा टेण्डर प्रक्रिया नै पूरा नगरी नदीका विभिन्न घाटबाट ढुंगा, गिटी र बालुवा उत्खन्न गरिदैं आएको छ।

स्थानीयका अनुसार यो काम सामान्य चोरीभैँ लुकेर नभई प्रहरी, केही जनप्रतिनिधि र तस्करबीचको कथित "सेटिङ"मै खुलेआम अवैध रुपमा उत्खन्न भइरहेको छ।

गुजरा नगरपालिका र फतुवा विजयपुर नगरपालिका क्षेत्रका जंगलसहिया, सिमरी, राँगी र बोटावा घाटमा बिहानदेखि रातिसम्म नदीजन्य पदार्थ उत्खनन भइरहेको स्थानीय बताउँछन्। कानुनले टेण्डरबिनाको उत्खननलाई पूर्ण रूपमा निषेध गरेपनि व्यवहारमा भने नदी दोहन नियन्त्रणबाहिर गएको देखिन्छ।

फतुवा विजयपुर नगरपालिकामा नदी ठेक्का सम्बन्धी भ्रष्टाचार मुद्दामा तत्कालीन मेयर गोपाल राय यादव दोषी ठहर भएपछि टेण्डर प्रक्रिया अलपत्र परेको छ । कार्यवाहक मेयर अम्बेया खातुनले हालसम्म नयाँ प्रक्रिया अघि बढाउन सकेकी छैनन् । उता गुजरामा पनि पछिल्ला दुई वर्षदेखि टेण्डर नखुल्दा नदी 'खुला कमाइको स्रोत' बनेको स्थानीयको आरोप छ।

स्थानीय स्रोतका अनुसार अवैध उत्खननमा संलग्न ट्र्याक्टर व्यवसायीले विभिन्न सुरक्षा निकायलाई मासिक रकम बुझाउने गरेका छन्। इलाका प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बेस क्याम्प विजयपुर लक्ष्मिनियामा मासिक प्रति ट्र्याक्टर चार हजार रुपैयाँसम्म बुझाइने तथा अन्य प्रहरी चौकी हरिनगर छेदी चौक, सशस्त्र प्रहरी अस्थायी पोस्ट पोखरभिन्डामा मासिक २ हजार छुट्टै रकम दिने गरिएको आरोप छ।

रकम बुझाएकै कारण प्रहरी कार्यालय अगाडिबाटै नदीजन्य पदार्थ बोकेका ट्र्याक्टर निर्वाध रूपमा ओहोरदोहोर गर्ने गरेको स्थानीय समाजसेवी मैनुदिन अन्सारीको

> गुजरा नगरपालिका र फतुवा विजयपुर नगरपालिका क्षेत्रकाजंगलसहिया, सिमरी, राँगी र बोटावा घाटमा बिहानदेखि रातिसम्म नदीजन्य पदार्थ उत्खनन भइरहेको स्थानीय बताउँछन् ।

दाबी छ। स्थानीयवासीका अनुसार केही जनप्रतिनिधि स्वयंले आफ्नै ट्र्याक्टर प्रयोग गरेर उत्खननमा संलग्न रहेको तथा केहीले व्यापारीसँग आर्थिक लाभ लिएर मौन समर्थन गरिरहेको अवस्था छ।

नदी संरक्षण र राजस्व व्यवस्थापन गर्ने निकाय नै विवादमा मुछिँदा अवैध कारोबारी थप हौसिएको स्थानीयको भनाइ छ । नदी अनुगमन तथा नियन्त्रणको जिम्मेवारी पाएको जिल्ला समन्वय समितिमाथि समेत निष्क्रिय बनेको आरोप लागेको छ । स्थानीयका अनुसार नियमनकारी निकायको बेवास्ता र सुरक्षा निकायको कथित संरक्षणकै कारण लालबकैया नदी क्षेत्रबाट दैनिक सयौं ट्र्याक्टर नदीजन्य पदार्थ ढुवानी भइरहेको छ।

यसैबीच समनपुर घाट बागमती पुल पनि अत्यधिक भार बोकेका टिपर र अवैध उत्खननका कारण जोखिममा परेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् । पुलको क्षमताभन्दा बढी भार बोकेका सवारी सञ्चालन हुँदा पुल कमजोर बन्दै गएको र सडकसमेत क्षतिग्रस्त हुन थालेको स्थानीयको भनाइ छ।

स्थानीयले तत्काल प्राविधिक परीक्षण, नदी उत्खनन नियन्त्रण र दोषीमाथि कडा कारबाहीको माग गरेका छन्। उनीहरूका अनुसार नदीको अनियन्त्रित दोहनले वातावरणीय सन्तुलन मात्रै होइन, खेतीपाती, सडक संरचना र जनजीवनमै प्रत्यक्ष असर पार्न थालेको छ।

यस विषयमा सिडियो दिनेश सागर भुषालले नदी अनुगमन तथा कारबाहीको अधिकार जिल्ला समन्वय समितिसँग रहेको बताएका छन्। पूर्वी क्षेत्रमा बागमती नदी र चाँदी नदी तथा पश्चिम क्षेत्रमा लालबकैया नदीमा अवैध उत्खननबारे गुनासो आएको स्वीकार गर्दै उनले केही दिनभित्र स्थलगत अनुगमन गरिने जानकारी दिएका छन्।

यता मधेश प्रदेश प्रहरी प्रमुख डिआईजी गोबिन्द थपलिया र सशस्त्र प्रहरीका डीआईजी कृष्ण ढकालले अवैध उत्खनन र ढुवानी नियन्त्रण गर्न जिल्लाका सुरक्षा प्रमुखलाई निर्देशन दिइएको तथा उत्खन्नमा प्रहरीको पनि संलग्नता भेटिए कारबाही गरिने बताएका छन्।

# जनकपुरधामको शहरी विकासमा ठूलो फड्को

**मेयर मनोज कुमार साहको दुई वर्षको अथक प्रयासपछि "अर्बन रेजिलियन्स एण्ड लिभेबिलिटी इम्प्रुभमेन्ट प्रोजेक्ट (यूआरएलआईपी परियोजना)" अन्तर्गत परिक्रमा सडकसहित नगरका विभिन्न पक्की सडक, नाला, फुटपाथ तथा रोड फर्निचर, बिजुली बती र खानेपानी जडान लगायतका निर्माणका लागि अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरिएको हो ।**




टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका राजधानी समेत रहेका जनकपुरधाम उपमहानगरपालिकामा शहरी पूर्वाधार विकासमा ठूलो फड्को मारेको छ। शहरी क्षेत्र सुधार अन्तर्गत उपमहानगरपालिकाको प्रयासमा ठूलो विकास योजना अगाडि बढाइएको छ।

मेयर मनोज कुमार साहको दुई वर्षको अथक प्रयासपछि "अर्बन रेजिलियन्स एण्ड लिभेबिलिटी इम्प्रुभमेन्ट प्रोजेक्ट (यूआरएलआईपी परियोजना)" अन्तर्गत परिक्रमा सडकसहित नगरका विभिन्न पक्की सडक, नाला, फुटपाथ तथा रोड फर्निचर, बिजुली बती र खानेपानी जडान लगायतका निर्माणका लागि अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरिएको हो।

नेपाल सरकार र एशियन विकास बैंक (एडीबी) को आर्थिक ऋण सहयोगमा सञ्चालन हुन लागेको सो परियोजनाको कुल लागत २ अर्ब १३ करोड रुपैयाँ रहेको जनाइएको छ । पहिलो चरण अन्तर्गत करिब १ अर्ब ६५ करोड रुपैयाँ बराबरको टेन्डर आह्वान गरिएको छ भने थप करिब ५० करोड रुपैयाँसम्मको अर्को टेन्डरसमेत छिट्टै आह्वान गरिने तयारी गरिएको छ।

मेयर साहले दिएको जानकारी अनुसार टेण्डर आह्वान गरिएको परियोजना अन्तर्गत परिक्रमा सडकको भ्रमरपुरा चौक देखिपिराडी चोकसम्म, आँखा अस्पतालदेखि मणि मण्डप जाने बाटो, रामानन्द चोकदेखि कुर्थासम्म, विसविट्टीदेखि कुर्थासम्म, मोनाष्टिक स्कूलदेखि पुल चोक जाने बाटो, सीता चोकदेखि पुल चोक जाने बाटो, विद्यापति चोकदेखि मटकोरवा पोखरी जाने बाटो, कुवादेखि रामपुर जाने बाटो, पुल चोकदेखि हुलाकी सडक जाने बाटो लगायतका सडक निर्माण हुने भएको छ।

वर्षौंदेखि जलजमाव, अव्यवस्थित सडक, फुटपाथ अभाव तथा वर्षायाममा हिलाम्य अवस्थाबाट पीडित जनकपुरधामका नागरिकहरूले यो योजनाबाट शहरको स्वरूप परिवर्तन हुने अपेक्षा गरेका छन् । विगतमा जग्गा अधिग्रहणमा भएको समस्या यस पटक पनि हुने सक्ने बारे मेयर साहले भने 'यस पटक त्यस्तो समस्या आउदैन दुई वर्षदेखि हामी त्यसैको तयारी गरेका छौं । हरेक घर तथा जग्गाधनीहरुसँग स्वीकृति लिइसकेकाले समस्या आउँदैन।'

परियोजना कार्यान्वयन इकाई (पीआईयू) जनकपुरधामद्वारा जारी सूचना अनुसार निर्माण कम्पनीहरूको न्यूनतम वार्षिक कारोबार करिब ९.४१७ मिलियन अमेरिकी डलर हुनुपर्नेछ । साथै वित्तीय क्षमता, विगत अनुभव तथा ठूला सडक परियोजना सम्पन्न गरेको अनुभवका आधारमा मात्रै कम्पनीहरू प्रतिस्पर्धामा सहभागी हुन सक्ने व्यवस्था गरिएको छ। परियोजनामा सहभागी हुन ०.१८८ मिलियन अमेरिकी डलर बराबरको बिड सेक्युरिटी राख्नुपर्ने प्रावधान समेत तोकिएको छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति ७ जुलाई २०२६ निर्धारण गरिएको छ। अन्तरर्ाष्ट्रिय स्तरको प्रतिस्पर्धाबाट अनुभवी निर्माण कम्पनी छनोट गरी गुणस्तरीय पूर्वाधार निर्माण गर्ने लक्ष्य रहेको जनाइएको छ । आगामी आर्थिक वर्षको भदौ महिनासम्म निर्माण कार्य सुरु भइसक्नुपर्ने मेयर साहले जानकारी दिएका छन्।

स्थानीयवासीहरूले योजना पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन भए जनकपुरधामको मुहार नै फेरिन सक्ने बताएका छन्। धार्मिक तथा पर्यटकीय महत्व बोकेको शहर भएकाले व्यवस्थित सडक, सुरक्षित फुटपाथ र प्रभावकारी ढल निकास प्रणाली अत्यावश्यक रहेको उनीहरूको भनाइ छ।

शहरी विकास विज्ञहरूका अनुसार दीर्घकालीन शहरी योजना, वैज्ञानिक ड्रेनेज प्रणाली, पैदल यात्रुको सुरक्षा, नियमित प्राविधिक अनुगमन तथा पारदर्शी कार्यान्वयन सुनिश्चित गर्न सके यो परियोजना जनकपुरधामको विकासका लागि कोशेढुंगा सावित हुनेछ।

# सौन्दर्य प्रतियोगिताको अडिसन जेठ २६ गतेदेखि

टुडे समाचारदाता

जनकपुरधाम । आगामी जेठ १६ गतेदेखि 'मिस मिथिलानारी नेपाल २०२६' सौन्दर्य प्रतियोगिताको पहिलो अडिसन जनकपुरधाममा आयोजना हुने भएको छ।



मिथिला संस्कृति, भाषा र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । थर्ड आई स्टुडियोज प्रालिद्वारा 'द ब्युटी अफ मिथिला' नारासहित प्रतियोगिता सञ्चालन हुन लागेको जनाइएको छ।

प्रतियोगितामार्फत मिथिलाको सांस्कृतिक पहिचान संरक्षणसँगै महिलाको प्रतिभा, आत्मविश्वास र नेतृत्व क्षमताको विकासमा जोड दिइने बताइएको छ । प्रतियोगिताका लागि अडिसन फर्म खुला भइसकेको छ भने इच्छुक सहभागीहरूले ईसेवा एपमार्फत आवेदन दिन सक्नेछन्।

आयोजक संस्थाका प्रमुख हरिश जायसवालले यो कार्यक्रम सौन्दर्य प्रतियोगिता मात्र नभई मिथिला नारीको पहिचान र सशक्तीकरणसँग जोडिएको अभियान भएको बताए । जनकपुरधामपछिकाठमाडौंमापनि अडिसन कार्यक्रम सञ्चालन गरिने आयोजकले जनाएको छ।

# कागजात बुझाउन चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम। धनुषाका १४ वटा व्यवसायिक फर्म तथा कम्पनीलाई कागजात बुझाउन अन्तिम चेतावनी दिइएको छ।

आन्तरिक राजस्व कार्यालय जनकपुरले आर्थिक वर्ष २०७८/०७९ को कारोवार परीक्षणलाई तीव्र बनाउँदै विभिन्न व्यवसायिक फर्म तथा कम्पनीलाई आवश्यक कागजात पेश गर्न अन्तिम चेतावनी दिएको हो। कार्यालयले सार्वजनिक सूचना जारी गर्दै कर परीक्षणका लागि छनोटमा परेका करदाताहरूलाई ३५ दिनभित्र सम्पूर्ण कागजात, प्रमाण तथा फाँटवारी पेश गर्न भनिएको छ।

कार्यालयका अनुसार परीक्षणका क्रममा सम्बन्धित व्यवसायीहरूलाई पटक-पटक पत्राचार, इमेल तथा फोनमार्फत सम्पर्क गरी आवश्यक कागजात माग गरिएको थियो। तर कतिपय करदाता सम्पर्कमै नआएको र सम्पर्कमा आएका केही व्यवसायीले समेत माग गरिएका विवरण उपलब्ध नगराएको भन्दै सार्वजनिक सूचना जारी गरिएको जनाइएको छ।

सूचनामा उल्लेख भए अनुसार करदाताहरूले आफ्नो आय, खर्च, सम्पत्ति तथा दायित्वसँग सम्बन्धित खरिद-बिक्री बिल, भौचर, लेजर, बैंक विवरण, खरिद बिक्री खाता लगायतका प्रमाण पेश गर्नुपर्नेछ। कार्यालयले यस्तो विवरण नबुझाए आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा अन्तःशुल्क ऐन २०५८ अनुसार कानुनी कारबाही अघि बढाइने चेतावनी दिएको छ।

राजस्व कार्यालयले निगरानीमा राखेका व्यवसायमध्ये एभरेष्ट पेपर मिल्स प्रालि, रमण-जि.आई.ई.टि.सी. ज्वाइन्ट भेन्चर, शर्मा/रमण ज्वाइन्ट भेन्चर, अल्फा वायर प्रालि, करिश्मा इलेक्ट्रिकल, सिंहेश्वर वायर एण्ड स्टिल प्रालि, नेपाल ट्रेड सेन्टर, माँ दुर्गा अटो मोबाइल्स, ओम डिस्ट्रीब्युटर्स, एलिना प्याथोलोजी एण्ड डायग्नोस्टिक सेन्टर, अंशु मत्स्य तथा पोल्ट्री फर्म प्रालि, अनिल किराना स्टोर्स, अमर माँ जानकी जेभी तथा शिवगंगा हार्डवेयर एण्ड सप्लायर्स लगायत रहेका छन्।

सूचना सार्वजनिक भएपछि जनकपुरधामको व्यवसायिक क्षेत्रमा व्यापक चर्चा सुरु भएको छ। कतिपय व्यवसायीले कर प्रशासनले पछिल्लो समय निगरानी कडा बनाएको बताएका छन् भने अर्कोतर्फ कर छली नियन्त्रणका लागि राज्यको सक्रियता आवश्यक रहेको धारणा पनि व्यक्त गरिएको छ। वास्तविक कारोवार लुकाउने, बिलबिनाको कारोवार गर्ने तथा खब्ट छल्ने प्रवृत्ति बढ्दै गएको सन्दर्भमा राजस्व कार्यालयले निगरानी प्रणाली थप सशक्त बनाएको बुझिएको छ।

व्यवसायिक क्षेत्रका जानकारहरूका अनुसार पछिल्लो समय आर्थिक गतिविधि सुस्त भए पनि कर प्रशासनले राजस्व संकलन बढाउन परीक्षण तथा अनुगमनलाई प्राथमिकतामा राखेको छ। यद्यपि व्यवसायीहरूले कर प्रणालीलाई अझ पारदर्शी, सरल र व्यवसायीमैत्री बनाउनुपर्ने माग गर्दै आएका छन्।

# गणतन्त्र दिवसमा सरसफाई



टुडे समाचारदाता

जनकपुरधाम। जिल्ला प्रहरी कार्यालय धनुषाले १९ औं गणतन्त्र दिवसको अवसरमा जनकपुरधाममा सरसफाइ कार्यक्रम सञ्चालन गरेको छ।

बिहीबार बिहान जिल्ला प्रहरी कार्यालय धनुषाको आयोजनामा जनकपुरधाम उपमहानगरपालिका-४ स्थित तिरहुतिया गाछी चौरमा सरसफाइ गरिएको छ।

प्रहरी उपरीक्षक अमरेन्द्र बहादुर सिंहको नेतृत्वमा करिब ७५ जना प्रहरी कर्मचारी सहभागी भई तिरहुतिया गाछीको चौर तथा आसपासका क्षेत्रको सरसफाइ गरेका थिए। बिहान साढे ६ बजेदेखि सुरु भएको कार्यक्रम करिब पौने ९ बजे सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।


गणतन्त्र दिवसलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै वातावरण संरक्षण तथा सरसफाइप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्रहरी उपरिक्षक सिंहले जनाएको छ।

# बन्ने भयो ढल्केवरमा ट्रमा सेन्टर

टुडे समाचारदाता

जनकपुरधाम। अढाई दशकको अथक प्रयासपछि धनुषाको मिथिला नगरपालिका ढल्केवरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माण कार्य कार्यान्वयन चरणतर्फ अघि बढेको छ।



नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा स्वीकृति दिएसँगै ट्रमा सेन्टर निर्माण हुने सुनिश्चिता पनि बढेको छ।

ट्रमा सेन्टर र नगरपालिका कार्यालय भवनका लागि जग्गाको स्वीकृति दिइएको बारे मन्त्रालयले गत साता विभागलाई गरेको पत्राचारमा मिथिला नगरपालिका-७, साविक ढल्केवर गाविस वडा नं. २ 'क' स्थित कि.नं. १६९ अन्तर्गत रहेको चार बिघा ३ धुर ऐलानी जग्गा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणका लागि प्रयोग गर्न स्वीकृति दिइएको जनाइएको छ।

साथै स्वीकृति पाएका जग्गा तोकिएको प्रयोजनबाहेक अन्यत्र प्रयोग गर्न नपाइने, अतिक्रमण हुन नदिनुपर्ने तथा उचित संरक्षण गर्नुपर्ने शर्त समेत राखिएको छ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पर्ने ढल्केवर दुर्घटनाको दृष्टिले अत्यन्त संवेदनशील क्षेत्र मानिन्छ । दैनिकजसो सवारी दुर्घटना हुने यस क्षेत्रमा अत्याधुनिक ट्रमा सेन्टरको आवश्यकता वर्षौंदेखि महसुस हुँदै आएको छ। तर निर्माणस्थलको विषयलाई लिएर स्थानीय राजनीतिक दलबीच विवाद चर्किंदा योजना पटक-पटक अवरुद्ध भएको थियो।

नगरपालिकामा एमालेको तत्कालिन मेयर हुँदा कांग्रेस, तत्कालीन नेकपा माओवादी लगायतका दलका स्थानीय नेता-कार्यकर्ताले ट्रमा सेन्टरका लागि छुटयाइएका हरेक जग्गामा विभिन्न बहानामा विवाद गर्दा दलीय टकरावले योजना पेचिलो बन्दै गएको थियो । तर लामो समयदेखि राजनीतिक विवाद, स्थानीय असहमति तथा जग्गा विवादका कारण रोकिएको योजना अब अघि बढ्ने भएपछि स्थानीयमा उत्साह देखिएको छ।

ट्रमा सेन्टर निर्माणका लागि २०५७/०५८ देखि नै हुँदै आएको थियो। मिथिला नगरपालिकाका निवर्तमान मेयर हरिनारायण महतो ढल्केवर गाविस अध्यक्ष रहेका बेला नै तत्कालीन श्री ५ को सरकारसमक्ष ट्रमा सेन्टर स्थापनाको प्रस्ताव सिफारिस गरेको थियो। सरकारले प्रक्रिया अघि बढाउने तयारी अगाडि बढाइरहेकै क्रममा स्थानीय तह विघटन भएपछि योजना लामो समयसम्म रोकिन गएको थियो।

संघीयता कार्यान्वयनपछि स्थानीय तह पुनः गठन हुँदा महतो मेयर बनेपछि उनले फेरि ट्रमा सेन्टर निर्माण प्रक्रिया अघि बढाएका थिए। नगरपालिकाले चार फरक स्थानमा जग्गा छुट्याउने प्रयास गरे पनि हरेक पटक विवाद उत्पन्न हुँदा काम अघि बढ्न सकेन। प्रारम्भिक रूपमा प्रस्ताव गरिएका चार स्थानमध्ये एक ठाउँमा नगरपालिकाले पछि १५ शैयाको नगरस्तरीय अस्पताल निर्माण गरेपछि ट्रमा सेन्टरको योजना झन् अन्योलमा परेको थियो।

योजना अलपत्र भइरहेकै बेला संघीय सरकारले आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ मा ५० शैयाको ट्रमा सेन्टर निर्माणका लागि ३/३ करोडको दरले बजेट समेत विनियोजन गरेको थियो। तर जग्गा सुनिश्चित नभएको कारण निर्माण प्रक्रिया सुरु हुन पाउँदै बजेट नै फ्रिज हुन गएको थियो।

स्थानीयवासीका अनुसार ट्रमा सेन्टर सञ्चालनमा आए पूर्व-पश्चिम राजमार्ग क्षेत्रमा हुने सवारी दुर्घटनाका घाइतेले समयमै उपचार पाउनेछन् । यसले धनुषा मात्र होइन, मधेश प्रदेशकै स्वास्थ्य सेवामा ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ।

यो सँगै मिथिला नगरपालिका कार्यपालिकाको कार्यालय निर्माणका लागि १ विघा ७ कट्ठा ८ धुर जग्गा समेत स्वीकृतिसमेत मन्त्रालयले दिएको छ । नगरपालिका गत ८ वर्षदेखि पुरानो गाविस भवनमा सञ्चालन हुँदै आएको छ। जग्गा प्राप्त नभएको कारण नगरपालिकाले कार्यालय भवन निर्माणका लागि बजेट छुट्याउन सकिरहेको थिएन।

नगरपालिकाका मेयर महेन्द्र महतोले लामो प्रतिक्षापछि निकै संघर्ष पश्चात अब ट्रमा सेन्टरसँगै नगरपालिकाको आफ्नो कार्यालय भवन निर्माणको बाटो खुलेको बताएका छन् । उनले भने नगरपालिकाले अब जग्गा पाइसकेपछि आगामी आर्थिक वर्षको बजेट भवन निर्माणकालागि बजेट छुटयाउने बताएका छन्।

**बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं ।**

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनि, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- नियमितखोपलगाऔं,स्वास्थ्यजाँचसमयमैगराऔं
- स्वच्छ पानि र सरसफाइमा ध्यान दिऔं,
- हातधुन र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निन्द्रा र दैनिक खेलकुद/व्यायममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौं,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं

स्वास्थ बालबालिका, उज्ज्वल भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८